विषालु च्याउबाट जोगिऔं ।
जङ्गली च्याउहरू विषालु पनि हुन सक्छन्,
त्यसैले राम्ररी पहिचान गरेर मात्र खाऔं ।
खेती गरेर उमारेका च्याउ मात्र खाने गरौं
जीवन सुरक्षित गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY
प्रतीक
दैनिक
राष्ट्रिय 'क' वर्ग
eprateekdaily.com

kirloskar
Oil Engines
डिजल पम्प
रोटाभेटर
अधिकृत बिक्रेताः
महाकाली इन्टरनेशनल प्रा.लि.
मुर्ली, वीरगंज-१३, पर्सा
मोः ९८५५०२२५८०

❖ वर्ष ३५ ❖ २०७९ साउन ३० गते सोमवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2022 August 15 Monday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क ३४८

# ठाकुरको हत्यारालाई कारबाईको माग गर्दै प्रदर्शन

प्रस, वीरगंज, २९ साउन/

बारा जिल्ला, विश्रामपुर गाउँपालिका–५ इटियाहीका कक्षा ९ मा अध्ययनरत राजकुमार ठाकुरको बीभत्स हत्याको विरोधमा आइतवार वीरगंजमा प्रदर्शन गरिएको छ ।

पक्राउ परेका दुवैजना र बरामद मोटरसाइकल ।

हत्याराहरूलाई हदैसम्मको कारबाई हुनुपर्ने मागसहित स्थानीय प्रहरी र प्रशासन कार्यालयअगाडि विश्रामपुरवासीले आज बिहान प्रदर्शन गरेका हुन् ।

पर्सा प्रहरीका प्रवक्ता प्रहरी नायब उपरीक्षक प्रह्लाद कार्कीले विज्ञप्ति जारी गर्दै ठाकुरको हत्यामा संलग्न दुईजना साउन २७ गते पक्राउ परेको र उनीहरूमाथि अपहरण तथा शरीर बन्धक तथा ज्यानसम्बन्धी कसूर मुद्दामा अनुसन्धान भइरहेको बताएका छन् ।

प्रवक्ता कार्कीले विश्रामपुर गापा–५ बस्ने २८ वर्षीय उत्तम पटेल र ३० वर्षीय प्रीतम पटेललाई पक्राउ गरिएको पुष्टि गरेका छन्। उनले साउन २४ गते बिहान ९ बजे ठाकुर साइकलमा चढेर ट्युशन पढ्न जाँदै गर्दा वीरगंज महानगर–१६ नगवाबाट बेपत्ता भएको, निजका पिता मोतीलाल ठाकुरले प्रहरीमा खोजतलाशको लागि निवेदन दिएको र खोजतलाशको क्रममा पटेल दाजुभाइलाई प्रारम्भिक सोधपूछ गर्दा निजहरूले ठाकुर र आफ्नी बहिनीबीच प्रेम सम्बन्ध रहेको शङ्कामा ठाकुरलाई आफ्नो टेलरमा लगी कर्तव्य गरी मारेको स्वीकार गरेको बताए ।

घटनास्थलमा परिचालन भएका प्रहरीहरू । तस्वीरः प्रतीक

उनले पटेल दाजुभाइले दिएको बयान अनुसार हत्यापछि निजको शवलाई ना.३८प ४३९५ नम्बरको मोटरसाइकलमा बोराभित्र राखेर बोलबमको लुगा लगाएर आफूहरू मोटरसाइकल चलाएर गएको र रक्सौल स्टेशननजीक मुजफ्फरपुर जाने रेलको शौचालय छेउको खाली ठाउँमा शव छाडेर आएको बताएका थिए ।

प्रहरी वरिष्ठ नायब निरीक्षक विनोद सिंहको कमान्डमा गएको टोलीले भारतीय प्रहरीसँग समन्वय गरेर शनिवार शव बुझेर ल्याएको र शल्यपरीक्षणको लागि नारायणी अस्पतालमा राखिएको छ ।

# नगरप्रमुखको नेतृत्वमा मल लोड छवटा ट्रक कब्जा

प्रस, परवानीपुर, २९ साउन/

घटनाबारे बुझ्दै महानगरप्रमुख सिंहलगायत । तस्वीरः प्रतीक

वीरगंज महानगरपालिकाका प्रमुख राजेशमान सिंहको नेतृत्वमा वीरगंज महानगर–१६ भुटनदेवी मन्दिरनजीक रहेको कृषि सामग्री कम्पनीको गोदामबाट युरिया मल लोड छवटा ट्रक नियन्त्रणमा लिइएको छ ।

कृषि सामग्री कम्पनीको प्रादेशिक बिक्री केन्द्र वीरगंजस्थित कार्यालय हो। भारत तथा विदेशबाट आउने मल वीरगंज नाकाबाट भित्रिने तर पर्सा जिल्लाकै किसानलाई आवश्यकता अनुसार मलखाद उपलब्ध नगराइएका कारण मलको कोटा बढाउन माग गर्दै उक्त मल नियन्त्रणमा लिइएको हो ।

बिहान नियन्त्रणमा लिइएका छवटा ट्रक अहिले वीरगंज आदर्शनगरस्थित बालमन्दिर परिसरमा राखिएको छ ।

कृषि सामग्री कम्पनीले हरेक वर्ष यहाँका सहकारीमार्फत आठ सय टन मल बिक्री वितरण गर्दै आएको छ। जबकि पर्सामा मात्रै युरिया मल वार्षिक आठ हजार टन खपत हुन्छ ।

रोपाइँ सकिए पनि समयमा डिएपी मल आउन नसकेको र युरिया मल छर्ने बेलामा पनि सहजरूपमा नपाएका कारण पर्साका किसानहरूले महानगरका प्रमुख सिंहसँग गुनासो गरेका थिए । पर्साका किसानलाई मल नदिने तर नेपालका अन्य जिल्लामा ट्रकका ट्रक मल गइरहेको आरोप लगाएर मल नियन्त्रणमा लिएको जनाइएको छ । यस विषयमा पर्सा जिल्लाका किसान अगुवा, नगरप्रमुख सिंह र कृषि सामग्री कम्पनीका प्रमुख चन्द्र चौलागाईंबीच मलको कोटा बढाउनेबारे छलफल भएको बताइएको छ ।

# पर्साको ग्रामीण क्षेत्रका सामुदायिक विद्यालय खुले

प्रस, सेढवा, २९ साउन/

पर्सा जिल्लाको ग्रामीण क्षेत्रमा रहेका सामुदायिक विद्यालयहरू आइतवारदेखि सञ्चालनमा आउन थालेका छन् ।

अत्यधिक गर्मीका कारण वर्षे बिदामा कट्टा हुने गरी साउन १ देखि २८ गतेसम्म ग्रामीण क्षेत्रका विद्यालयहरू बन्द गरिएका थिए ।

ठोरी, जीराभवानी, पटेर्वासुगौली गाउँपालिकाले भने भदौ ५ गतेसम्म विद्यालय बन्द गरेका छन् ।

सो पालिकाबाहेक सातवटा गापा र तीनवटा नगरपालिकाका विद्यालयहरू आइतवारदेखि सञ्चालनमा आएका छन्।

# उपसचिव कार्कीलाई मन्त्रालय खटाइयो

प्रस, निजगढ, २९ साउन/

निजगढ नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत सुमनकुमार कार्कीलाई सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा नै कामकाजका लागि खटाइएको छ ।

मन्त्रालयले २०७९/०४/२६ गते ईमेलमार्फत निजगढ नगरपालिकाको कार्यालयलाई पत्राचार गर्दै सो जानकारी गराएको निजगढ नपा प्रशासन शाखा स्रोतले जानकारी दिएको छ ।

२०७९/०४/११ गते सचिवस्तरको निर्णयले निजगढमा उपसचिव हरिलाल पुरीलाई सरुवा र सुमनकुमार कार्कीलाई जिल्लाकै पचरौतामा सरुवा गरे पनि सो निर्णय एक साता पनि नबित्दै निजगढ नपामा कार्कीलाई नै पुनर्बहाली गरिदिएपछि निजगढ नपामा समस्या निम्तिएको थियो। मन्त्रालयले कार्कीलाई नै पुनर्बहाली गरेपछि अप्राकृतिक भएको भन्दै मन्त्रालयले गरेको त्रुटिलाई मन्त्रालयले नै यथाशीघ्र सच्याउनुपर्ने अडान राख्दै प्रमुख प्रशासकीय अधिकृत कार्कीको कार्यकक्षमा नगरप्रमुख सुरथ पुरीले तालाबन्दी गरी हाजिरीसमेत गर्न दिएनन् ।

तालाबन्दीविरुद्ध ज्ञापन बुझाउँदै राप्रपाका नेता तथा कार्यकर्ता । तस्वीरः प्रतीक

मन्त्रालयले गरेको गलतीलाई सच्याउँदै एघार दिनपछि उपसचिव कार्कीलाई मन्त्रालयमा नै कामकाजका लागि खटाइएपछि निजगढ नपाको दुई सातायतादेखिको प्रमुख प्रशासकीय

(बाँकी अन्तिम पातामा)

JAGDAMBA
steel
देशको मेरुदण्ड

WARM WISHES
FROM
JAGADAMBA STEEL PVT. LTD.
ON THE OCCASION OF
India's 76th
Independence Day

हार्दिक बधाई एवं शुभकामना

श्री राजेन्द्रप्रसाद कोइराला

वीरगंजलगायत देशकै शैक्षिक उन्नयनमा महत्त्वपूर्ण योगदान पुर्‍याउँदै आउनुभएका शिक्षाविद्, बौद्धिक व्यक्तित्वका धनी **श्री राजेन्द्रप्रसाद कोइरालाज्यू** यस ज्ञानदा एकेडेमीको सिइओ (CEO) पदमा नियुक्त हुनुभएकोमा उहाँको उत्तरोत्तर प्रगतिको कामना गर्दछौं । साथै यस संस्थामा उहाँको उपस्थिति गरिमामय बनोस् र संस्थागत स्वरूपलाई चुलीमा पुर्‍याउन सफलता मिलोस् भन्ने सदिच्छाका साथ हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछौं ।

**अध्यक्ष** तथा
**ज्ञानदा एकेडेमी** परिवार, वीरगंज

*We extend our heartiest Felicitation to the people of India and the Friends working in the office of Consulate General of India, Birgunj on their 76th Independece Day.*

*Prateek Daily*

SURYA NEPAL

WARM WISHES
FROM
SURYA NEPAL PVT. LTD.
ON THE OCCASION OF
India's 76th
Independence Day

## विचारसार र सूक्तिहरू

**रिस यस्तो कला हो, जसमा फस्छौं पनि हामी, अल्झिन्छौं पनि हामी, पछुतो गर्छौं हामी र अन्ततः पछि पनि पर्छौं हामी नै ।**

प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि., वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आर. के. पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: eprateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.prateekdaily.com

# आन्दोलनका भ्रूणहरू

**मधेस सरकार एकपटक पुनः आन्दोलनमा उत्रने सुरसारमा छ । एकचोटि पहिले पनि मधेस सरकारले आन्दोलनको अभ्यास गरिसकेको हो, जब प्रदेश सरकारले बिदा दिएको दिन पनि सङ्घ अन्तर्गतका कार्यालयहरू खुला रहे। यहाँसम्म कि बैंक र सहकारीहरूले समेत प्रदेश सरकारको कुरा टेरिदिएनन्। अहिले मधेस प्रदेशमा आन्दोलनको भ्रूणबाट जन्मेको राजनीतिक दलको सरकार छ। स्वभावतः कुनै पनि समस्याको निदान उसले आन्दोलनमैं देख्छ । यसभन्दा पनि महत्त्वपूर्ण कुरा के छ भने सङ्घ सरकारले प्रदेश सरकारलाई कुनै अधिकार नै दिन चाहँदैन । अधिकारविहीन त साधु-सन्त, समाजसेवीमात्र हुन्छन् । सरकार भनेकै पर्याप्त अधिकारसहित काम गर्ने संस्था हो । अधिकार नभई उसले केही गर्न सक्दैन। सङ्घ वा केन्द्रकै निर्देशनमा हिंड्नुपर्ने हो, आफूखुशी आफ्नो प्रदेशको शासन चलाउन नपाउने हो भने देशलाई सात प्रदेशमा विभाजित गर्नुपर्ने आवश्यकता नै के थियो ? सरकार गठन गर्ने, सुरक्षाका लागि प्रहरी ऐन जारी हुन नदिने, काम गर्ने कर्मचारी नियुक्त गर्न नदिनेजस्ता समस्या केन्द्रले तेर्स्याइरहने हो भने यसलाई अधिकार बाँडफाँड त कदापि मान्न सकिन्न ।**

**सोचाइ र गराइमा भिन्नता हाम्रो नियति बन्न पुगेको छ । नेपाली जनतामाथि यो नियति थोपर्ने काम दक्षतामा विपन्न र महत्त्वाकाङ्क्षाका धनी केन्द्रीय राजनीतिक दलहरूको चरित्रको परिणाम हो । आन्दोलनको दबाब झेल्न नसकेर तत्काल सत्ता पाउन सङ्घीय गणतन्त्र रोज्न तनिक विलम्ब नलगाउने तर सङ्घको मर्मविपरीत काम गर्दै जाने मानसिकताले एक दिन देशमाथि ठूलो विपत्ति आउँदैन भन्न सकिन्न । यस्तो अवस्थामा मधेस प्रदेश नै अर्घेलो बन्नुपर्ने बाध्यता पनि देखापरिरहेको छ । मधेस प्रदेशबाहेक सबै प्रदेशमा शक्तिशाली बनेर सत्तामा बसेका दलहरूको रजगज छ। मधेसी दलका केन्द्रीय नेताहरूमा शक्ति प्रदर्शन, राजनीतिक दबाब वा अन्य बाध्यतात्मक अवस्था सिर्जना गर्ने साहस छैन, बिन्तिभाउ गरेर मन्त्रिमण्डलमा एक-दुई सीट हात पारेर आफ्नो अस्तित्व जोगाउने चिन्ता छ । अनि किन आफ्नो सरकार रहेको मधेस प्रदेशबारे सडक र सदन तताऊन् ? मधेस प्रदेशको विपरीत अन्य प्रदेशलाई काम गर्न सजिलो छ भन्ने होइन, बेलाबखत उनीहरू पनि तम्सिन्छन्, तर वर्तमान केन्द्रीय सत्ता समीकरणले गर्दा बोल्न सक्दैनन्। मधेस प्रदेशलाई त्यस्तो बाध्यता छैन, त्यसैले बेलाबेला हास्यास्पद भए पनि तुजुक देखाउने प्रयास गर्दछ ।**

**बुद्धिचालको खेलमा एउटा अवस्था हुन्छ-जीतको। यो यस्तो अवस्था हो जसमा फरक चाल चल्दा हार हुन्छ, एउटै चाल फेरिफेरि चालिराख्नुपर्छ । अहिले केन्द्र र प्रदेशबीच पनि यही अवस्था छ । केन्द्र प्रदेशलाई आफ्नो अधिकार रत्तिभर दिन चाहँदैन, अधिकारविना प्रदेश सरकार केही गर्न सक्दैन। आज प्रदेश सरकारको एक कार्यकाल पूरा हुने बेला भएको छ, तर सरकारको कुनै पनि विभागमा न पुगीसरी कर्मचारी दरबन्दी छ, न दरबन्दी भएको ठाउँमा नियुक्ति नै हुने गरेको छ । मधेस आन्दोलनले रन्काएको रैथाने सत्ताधारीहरूलाई यसै पनि मधेस प्रदेशसँग पूर्वाग्रह छ । त्यसमाथि यसै प्रदेशमा मधेसी पार्टीको सरकार छ। केन्द्र सरकारलाई 'एक तो करेला, नीम चढा' भन्ने अवस्था छ। तर मधेस पनि नेपालको भूभाग हो, यसको उन्नति र प्रगतिविना देश उँभो लाग्न सक्दैन भन्ने तीतो यथार्थ केन्द्रले जति छिटो बुझ्छ, त्यति बेस !**

# विद्यार्थीहरूलाई कसरी प्रोत्साहित गर्ने ?

शिक्षा नेपाल

अनन्तकुमार लाल दास

anantlaldas@gmail.com

विद्यार्थीहरूलाई पढाउनु जति कठिन छ, त्यसभन्दा बढी कठिन कार्य उनीहरूलाई प्रोत्साहित गर्नु हो । चाहे तपाईं आधारभूत कक्षा वा माध्यमिक कक्षामा पढाइरहनुभएको छ, विद्यार्थीहरूसँग स्वयं काम गराउनु र पढ्नको लागि प्रोत्साहित गर्नु चुनौतीपूर्ण कार्य हो । तर थुप्रै यस्ता तरीका छन्, जसले विद्यार्थीहरूको लागि पढाइ रोचक र आनन्ददायक बनाइदिन्छ ।

सबैभन्दा पहिले के बुझ्नुपर्छ भने विद्यार्थीहरूलाई प्रोत्साहित गर्नु किन चुनौतीपूर्ण हुन्छ ? विद्यार्थी जीवनमा उनीहरूको भेट जति मानिससँग हुन्छ सबैले उनीहरूको जीवनमा 'शिक्षक' को काम गर्छन्। हरेकको प्रयास उनीहरूलाई प्रोत्साहित गर्नु र उसलाई यस्तो नागरिक बनाउनु हुन्छ, जसमाथि दुनियाँलाई गर्व होस्। यति बढी हस्तक्षेपले गर्दा उनीहरू आफ्नो पहिचान खोजिरहन्छन् किनभने सबै उनीहरूलाई प्रभावित गर्न र शङ्काको दृष्टिले हेर्छन् । विद्यार्थीले आफूलाई चिनेपछि हरेकद्वारा दिइने दबाब झेल्ने नीति अँगाल्छन् । अर्थात् विश्वासिलो मानिसको कुरा त्यसबेला चुनौती बन्छ जब गलत व्यक्ति उनीहरूलाई प्रोत्साहित गर्ने कोशिश गर्छ ।

यदि तपाईं विद्यार्थीहरूलाई प्रोत्साहित गर्न खोज्दै हुनुहुन्छ भने तपाईंले के साबित गर्नुपर्छ भने उनीहरूले किन तपाईंको कुरा सुन्नुपर्छ ? उनीहरू पहिलो दिन तपाईंमाथि शङ्का गर्छन् तर तपाईंले उनीहरूको विश्वास र सम्मान जित्ने प्रयास गर्नुपर्छ । यसको लागि तपाईंले केही यस्तो गर्नुपर्छ जसले उनीहरूको ध्यान तपाईंतिर आकर्षित होस्। यसको लागि आफ्नो कुरालाई सही ढङ्गले प्रस्तुत गर्नुपर्छ अर्थात् सही समयमा सही कुरा गर्नुपर्छ। थोरै बोल्ने अर्थात् 'अधिकाप्रसाद' नबन्ने। उनीहरूको दृष्टिमा तपाईं पढेलेखेको, समझदार र निडर देखिनुपर्छ ।

शिक्षकको ठूलो आँखा, अनुहारमा हलुका मुस्कान र जोशले विद्यार्थीहरूलाई धेरै खुशी दिन्छ । तपाईंको विषयमा रुचि नभए पनि तपाईंको व्यवहारले उनीहरूलाई खुशी प्रदान गर्छ । यदि शिक्षकहरू मनले विद्यार्थीहरूलाई पढाउँछन् भने उनीहरू अवश्य पढ्ने कोशिश गर्छन्। शिक्षकहरूले के बुझ्नुपर्छ भने मभित्र त्यो बल छ जसबाट आफ्नो विषयलाई उनीहरूको सामु सही तरीकाले प्रस्तुत गर्न सक्छु । शिक्षकहरू कक्षामा प्रवेश गर्दा राम्रो देखिनका लागि आफ्नो वेशभूषामा ध्यान दिनुपर्छ । एउटा साधारण शिक्षकले जे गर्छ त्योभन्दा अलि बढी गर्ने प्रयास गर्नुपर्छ । अर्थात् यदि कुनै विद्यार्थीलाई समयमा गृहकार्य पूरा गर्न कठिनाइ भइरहेको छ भने उसलाई एक्लै बोलाएर कारण बुझ्ने प्रयास गर्नुपर्छ। उसको समस्या ध्यानपूर्वक सुन्नुपर्छ । उसको हरेक प्रश्नको जवाफ शिक्षकले दिनुपर्छ तर ध्यान के राख्नुपर्छ भने विद्यार्थीले तपाईंबाट कुनै अवाञ्छित फाइदा नउठाओस् ।

विद्यार्थी तपाईंको विषयमा सधैं प्रोत्साहित रहोस् भन्ने चाहनुहुन्छ भने उनीहरूलाई पाठ्यक्रमभन्दा अलि बढी पढाउनुहोस्। तपाईंको विषयमा कुनै नौलो गतिविधिबारे विद्यार्थीहरूलाई जानकारी गराउनुहोस्। उदाहरणका लागि विज्ञान विषयको कुनै पाठसँग सम्बन्धित कुनै लेख वा त्यसको सारांश वा त्यससँग सम्बन्धित कुनै चित्र वा भिडियो कक्षामा देखाउन सक्नुपर्छ । ध्यान के दिनुपर्छ भने तपाईंको यस प्रयासले विद्यार्थीहरूमा विषयप्रति रुचि उत्पन्न होस्, लेख वा भिडियोप्रति होइन । शिक्षकले यस्तो गृहकार्य दिनुपर्छ जसमा उनीहरूलाई केही सोच्नुपर्ने होस् । विद्यार्थीलाई पढाउँदा कहिलेकाहीं हँसी-ठटचौली पनि गर्नुपर्छ किनभने यदि तपाईं सधैं गम्भीर बनिरहनु हुन्छ भने उनीहरूलाई तपाईंसँग घुलमिल गर्न कठिनाई हुन्छ । यसको अर्थ हरेक कुरामा ठटचौली गर्नु होइन तर यदि तपाईं पढाइको वातावरण अलि रोचक बनाउनुहुन्छ भने विद्यार्थीहरू सजिलै प्रोत्साहित हुन्छन् र तपाईंले भनेको कुरा पनि मान्छन् ।

आफ्नो विषयतर्फ विद्यार्थीहरूलाई केन्द्रित गर्न उनीहरूलाई के विश्वास दिलाउनुपर्छ भने तपाईं एउटा योग्य शिक्षक हो । यसको लागि शिक्षकले आफ्नो दक्षता कक्षामा प्रस्तुत गर्नुपर्छ। जागीरको अन्तर्वार्ताको लागि जसरी प्रस्तुत भइन्छ, एउटा शिक्षकले कक्षामा त्यसैगरी प्रस्तुत हुनुपर्छ। विद्यार्थीसँग कुरा गर्दा गर्व देखा पर्नुपर्छ । वर्तमान समय इन्टरनेटको युग हो। यदि तपाईंमा विषय सम्बन्धित जानकारीको अभाव देखिन्छ भने तपाईंले भनेको कुरा उनीहरूले मान्दैनन् । यसैगरी जुन विद्यार्थीलाई तपाईंको बढी आवश्यकता छ त्यसमाथि विशेष ध्यान दिनुपर्छ। यदि कुनै विद्यार्थी बिरामी छ व दुःखी देखापर्छ भने कक्षा पछि यस सम्बन्धमा बुझ्ने प्रयास गर्नुपर्छ। यदि उसले भन्छ म ठीक छु भने बढी सोधपुछ नगर्नुहोस् । मात्र के भन्नुहोस् भने मलाई यस्तो प्रतीत भयो कि तिमी परेशान छौ। यही कुराले उसलाई बढी परिश्रम गर्न प्रोत्साहित गर्छ। यदि कुनै विद्यार्थी पटक-पटक गृहकार्य गर्दैन भने केही गडबड छ भन्ने बुझ्नुपर्छ र उसलाई सहयोग गर्नुपर्छ । उसका लागि केही सजिलो सवाल हल गर्न दिनुपर्छ तर के पनि भन्नुपर्छ भने यस्तो छूट फेरि पाइन्न।

विद्यार्थीहरूलाई उनीहरूको मनका कुरा पोख्ने अवसर दिनुपर्छ किनभने यदि विद्यार्थीहरूलाई भाषण मात्र दिनुहुन्छ भन्ने उनीहरू कहिल्यै पनि प्रोत्साहित हुँदैनन्। तपाईं उनीहरूको विचार सुन्न इच्छुक भएको कुरा उनीहरूले महसूस गर्छन् भने आफ्नो राय खुलेर तपाईं समक्ष व्यक्त गर्छन् । विद्यार्थीहरूलाई कक्षामा प्रोत्साहित राख्नको लागि एक वा दुई विद्यार्थीसँग मात्र उसको नाम लिएर प्रश्न सोध्नुहोस् किनभने कुनै पनि छात्रले जसलाई प्रश्नको जवाफ थाहा छैन शिक्षक सामु उभिन चाहँदैन। यसरी एक-दुई दिन गरियो भने नपढेर आउने छात्र पनि पढेर आउन थाल्छ । विद्यार्थीहरूलाई के अनुभव गराउनुपर्छ भने पढाइको असर दुनियाँमाथि पर्छ । अर्थात् उनीहरूसँग समाज, देश र विश्वसँग जोडिएको सरोकारका विषयमा पनि चर्चा गर्नुहोस्, जसबाट उनीहरूलाई प्रोत्साहित गर्न सकियोस्। यसको लागि स्वयं शिक्षकले पनि तयारी गर्नुपर्छ ।

विद्यार्थीहरूलाई सजिलै प्रोत्साहित गर्नको लागि उनीहरूलाई एक्लै वा समूहमा कुनै काम गर्न भन्नुपर्छ। अर्थात् उनीहरूसामु चुनौती पेश गर्नुपर्छ । उनीहरूलाई व्यक्तिगतरूपमा जिम्मेवारी सुम्पिंदा उनीहरू बढी खुशी अनुभव गर्छन्। यसैगरी समूहमा काम गर्न लगाउँदा विद्यार्थीहरूले एकअर्कालाई बुझ्ने र उनीहरूसँग भएको जानकारीलाई फरक दृष्टिकोणले हेर्ने मौका पाउँछन् र सफल हुनका लागि प्रोत्साहित हुन्छन्। शिक्षकहरूले विद्यार्थीलाई बढी अङ्क आउने प्रश्न गृहकार्यको रूपमा दिनुपर्छ यसबाट उनीहरूलाई आफ्नो ज्ञानलाई बेग्लै उचाइसम्म लिएर जाने अवसर प्राप्त हुन्छ । विज्ञानजस्तो विषय राम्ररी बुझाउनको लागि पाठसँग सम्बन्धित यू ट्यूब सामग्री, इन्टरनेट वा कुनै किताबको अध्ययन गर्न पनि भन्नुपर्छ तर यसको लागि शिक्षकहरूलाई पनि यसबारे पूर्ण ज्ञान हुनु आवश्यक हुन्छ। विद्यार्थीहरूलाई यस्तो गृहकार्य दिनुपर्छ जसमा तपाईंको विषयको बढी उपयोग होस् ।

शिक्षकहरूले ध्यान दिनुपर्ने कुरा के हो भने विद्यार्थीहरू विकल्प हासिल गरेर बढी उत्साहित हुन्छन् । उनीहरूलाई आफ्नो समूह निर्माण स्वयं गर्ने विकल्प दिनुपर्छ वा उनीहरूलाई प्रश्नहरूको विकल्प पनि दिन सकिन्छ । यसबाट विद्यार्थीहरूलाई कुनै काम गर्न सजिलो हुन्छ र विषयमाथिको बुझाइ पनि गहिरो हुँदै जान्छ। यसको लागि शिक्षकहरूको सुझाव प्रस्ट र सार्थक हुनुपर्छ । यदि विद्यार्थीहरूलाई आफ्नो बलियो र कमजोर पक्षबारे थाहा हुन्छ भने उनीहरू झन् प्रोत्साहित हुन्छन् । पढाइमा रुचि नदेखाउने विद्यार्थीमाथि केही समय खर्चेर तपाईं के चाहनुहुन्छ र सफलता उनीहरूको लागि कति महत्त्वपूर्ण छ भनी बताउनु आवश्यक हुन्छ । यसर्थ शिक्षकहरूले त्यस्ता विद्यार्थीहरूसँग एक्लैमा कुराकानी गर्नुपर्छ। यसबाट उनीहरूलाई के विश्वास हुन्छ भने तपाईं उसमाथि व्यक्तिगतरूपमा ध्यान दिइराख्नुभएको छ । यदि उनीहरूलाई तपाईं के चाहनुहुन्छ भन्ने थाहा हुँदैन भने उनीहरू प्रोत्साहित हुँदैनन्। यस कारण उनीहरूलाई स्पष्ट निर्देशन दिनुपर्छ । एउटा यस्तो शिक्षक जो सबै प्रश्नको जवाफ दिन तत्पर छ, त्यस्तासँग विद्यार्थी धेरै प्रोत्साहित हुन्छन्।

कक्षामा भाषण दिनु सजिलो छ तर त्यसमा कक्षाको कुरा मिसाउँदा विद्यार्थीहरू प्रोत्साहित हुन्छन् । अर्थात् १०-१५ मिनेट किताबमा भएको कुरा पढाउने त्यसपछि कक्षालाई समूहमा विभाजन गरी कार्य दिने, जसमा भर्खरै सिकेका कुरा दोहोऱ्याउन परोस् । त्यसपछि उनीहरूलाई पाठसम्बन्धी भिडियो देखाउने वा पढाएको कुरा बोर्डमा लेखेर सम्झाउन भन्न सकिन्छ । यस्ता कार्यक्रमबाट उनीहरू उत्साहित र प्रोत्साहित हुन्छन्। शिक्षकहरूले के कुरा ध्यानमा राख्नुपर्छ भने बोल्ने भाषा, पढाउने कुरा, सुन्ने तरीका वा जे पनि गर्दा सरलरूपमा प्रस्तुत हुनुपर्दछ र विद्यार्थीहरूको हरेक क्रियाकलापमा रिसाउनुहुँदैन । उनीहरूलाई के महसूस हुनुपर्छ भने उनीहरूको पढाइभन्दा बढी तपाईंको लागि केही महत्त्वपूर्ण छैन । शिक्षक र विद्यार्थीबीच सम्बन्ध बलियो हुनुपर्छ । उनीहरूलाई के पनि महसूस हुनुहुँदैन भने तपाईं शिक्षक होइन, उनीहरूको साथी हो। यहाँ सधैं आफ्नो मर्यादा कायम राख्नुपर्छ । तपाईं बेग्लै खालको र एउटा राम्रो शिक्षकको रूपमा प्रस्तुत हुनुपर्छ। यसका लागि सधैं सतर्क भई बस्नुपर्छ ।

तपाईंले बिर्सेर पनि उनीहरूलाई आफ्नो कमजोरी वा परेशानी बताउनुहुन्न। तपाईं कहिल्यै कमजोर वा असहाय देखिनुहुन्न । यदि विद्यार्थीहरू कुनै परेशानी लिएर आउँछन् भने आफ्नो अनुभवको आधारमा सुझाव दिनु बेस हुन्छ। पढाउँदा अनुहारमा मुस्कान हुनुपर्छ तर बढी होइन तर कहिलेकाहीं कुनै विद्यार्थीलाई हेरेर पनि मुस्कुराउनुपर्छ। तपाईंको पहुँच सबैसम्म हुन सक्दैन । यसको लागि सधैं तयार हुनुपर्छ र एउटा कुशल शिक्षकको रूपमा विद्यार्थीहरूलाई विश्वास दिलाउनुपर्छ कि तपाईं उनीहरूलाई सुयोग्य नागरिक बनाउन प्रोत्साहित गरिराख्नुभएको छ ।

**यदि विद्यार्थीहरूलाई आफ्नो बलियो र कमजोर पक्षबारे थाहा हुन्छ भने उनीहरू झन् प्रोत्साहित हुन्छन् । पढाइमा रुचि नदेखाउने विद्यार्थीमाथि केही समय खर्चेर तपाईं के चाहनुहुन्छ र सफलता उनीहरूको लागि कति महत्त्वपूर्ण छ भनी बताउनु आवश्यक हुन्छ ।**

# वर्षाले किसानलाई राहत

महोत्तरी, २९ साउन/रासस

महोत्तरीसहित मधेसमा शनिवार रातिको वर्षाले राहत मिलेको छ । उखरमाउलो गर्मीबीच करीब दुई सातापछि शनिवार राति झम्केर पानी परेपछि किसानले राहतको सास फेरेका छन् । साउन निगल्दोको वर्षा जिल्लावासीलाई अमृत बर्सेझैं भएको छ।

पानीबेगर रोपेको धान रोपोमैं पहेंलिदै जाँदा र थप रोपाइँ गर्न नपाएर पिरोलिएका किसानमा पछिल्लो वर्षाले थोरै आस जगाएको छ। पछिल्लो वर्षाले धान रोप्न नै पानी नपुगे पनि पहिलेको रोपो जाग्ने किसानमा आस जागेको हो । जिल्लामा मध्य साउन यता गए राति पानी परेको हो ।

"धान अब के होला भनेर आस मारेका थियौं, पछिल्लो वर्षाले फेरि आस जगायो-महोत्तरी, भङ्गाहा-४ का किसान रामसागर यादवले भने-"अब केही दिन पानीले साथ दिए थप रोपाइँ पनि गर्न पाइने छ ।"

पछिल्लो वर्षाले रोपाइँका लागि पर्याप्त पानी नपुगेको भए पनि यस अघि रोपिएको धानलाई भने अमृत नै भएको उनको भनाइ छ। केही बेरकै भए पनि पछिल्लो वर्षा मधेसका सबैजसो जिल्लामा भएको छ । पछिल्लो वर्षा पूर्वपश्चिम राजमार्ग आसपास भएर बढी परेको पाइएको छ।

पछिल्लो वर्षाले तालु फुट्लाजस्तो चर्को घामको रापबाट राहत भएको छ । लगातारको प्रचण्ड रापले चरन क्षेत्रमा सुकेका घाँसका झाम्टा अब पलाउने र गाईवस्तु चराउन पाइने पशुपालक किसानले आस सँगालेका छन् ।

यसैबीच मौसमविद्हरूले अब दुई-तीन दिन राम्रो वर्षा भइरहने बताएपछि किसान मख्ख छन्। जिल्लामा यसपालि पानीकै अभावले अपेक्षित धान रोपाइँ हुन सकेको छैन। पानी राम्रो परे अझै खरूवन (कलम, पहिलेको रोपो गाँजिएपछि फेरि उखेलेर रोप्ने बीउ) बाटै पनि केही रोपाइँ थप्न सकिने किसानको आस छ। मधेसमा खरूवनको रोप भदौ पहिलो सातासम्म गर्न सकिने किसान बताउँछन् ।

महोत्तरीमा कुल ७० हजार खेतीयोग्य जग्गामध्ये ५० हजार हेक्टरमा गरिने धानखेती अहिलेसम्म करीब ६५ प्रतिशत रोपाइँ हुन सकेको कृषि ज्ञान केन्द्र महोत्तरी जलेश्वरले जनाएको छ । जिल्लामा कुल खेतीयोग्य जग्गामा १० प्रतिशत मात्र सिञ्चित हुँदा यहाँको खेती आकाशे पानीको भरमा हुँदै आएको छ।

साउन मध्य बर्खाकालको महीना भए पनि यसपालि अल्प वर्षाले खेतीपातीको काम अपेक्षित हुन सकेको छैन। लामो पर्खाइपछि शनिवारको वर्षाले किसानलाई चाडबाड आएजस्तै खुशी दिएको छ।

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

# सन्देश

**नितेश कुमार**
**महावाणिज्यदूत**

नेपालस्थित भारतको महावाणिज्य दूतावासको तर्फबाट म भारतको ७६औं स्वतन्त्रता दिवसको शुभ अवसरमा भारतीय समुदायमा हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछु । हामी 'आजादीका अमृत महोत्सव' अन्तर्गत विभिन्न कार्यक्रमहरू आयोजना गर्दैछौं, जुन १५ अगस्त, २०२३ सम्म जारी रहनेछ। भारतको महावाणिज्य दूतावास India@75 अन्तर्गत आयोजन हुने आगामी कार्यक्रमहरूमा सामेल हुन समुदायलाई आग्रह गर्दछ ।

आजादीका अमृत महोत्सवको उपलक्ष्यमा महावाणिज्य दूतावासद्वारा साइकल र्‍याली, रक्तदान शिविर, क्रिकेट म्याच, वाकाथन/म्याराथन, अन्तर्राष्ट्रिय महिला दिवस, ब्याडमिन्टन प्रतियोगिता, संविधान दिवस, आयुर्वेद दिवस, हिन्दी दिवस, टक शो, अन्तर्क्रिया कार्यक्रम, कार्यशाला, वेबिनार, चितवन, वीरगंज र जनकपुरमा अन्तर्राष्ट्रिय योग दिवस, वीरगंज र जनकपुरमा भारतीय सांस्कृतिक साँझ, प्रश्नोत्तरी प्रतियोगिता, निबन्ध प्रतियोगिता, फोटोग्राफी प्रतियोगिता, कविता प्रतियोगिता, स्केच प्रतियोगिताजस्ता उल्लेखनीय कार्यक्रमहरू आयोजना गरिएको थियो ।

भारत सरकारले भारतीय डायस्पोरा र विदेशमा रहेका भारतीय मिशन/पोस्टहरूबीच नेटवर्क स्थापना गर्ने उद्देश्यले ग्लोबल प्रवासी रिश्ता पोर्टल (https://pravasirishta.gov.in/home) शुरू गरेको छ । पोर्टलले डायस्पोराका फाइदाका लागि शुरू गरिएका विद्यमान र नयाँ सरकारी योजनाहरूको नवीनतम जानकारी प्रदान गर्नेछ र महत्त्वपूर्ण नीतिगत मुद्दाहरूमा डायस्पोराको राय सङ्कलन गर्नेछ ।

वाणिज्य दूतावासले दर्ता प्रमाणपत्र जारी गर्दछ र नेपालमा सङ्कटमा परेका भारतीय नागरिकहरूको हेरचाह गर्दछ। वाणिज्य दूतावास आफ्नो क्षेत्राधिकारमा बस्ने भारतीय नागरिकहरूका गुनासाहरू समाधान गर्न कन्सुलर सेवाहरूको मासिक ओपन हाउस आयोजना गर्दछ। हालसम्म त्यस्ता आठवटा ओपन हाउस सञ्चालन भइसकेका छन् ।

भारतको महावाणिज्य दूतावास नेपालका जनतालाई शिक्षा, स्वास्थ्य, भौतिक पूर्वाधारको विकास, विद्यार्थीहरूलाई छात्रवृति, विश्वसनीय संस्थाहरूलाई एम्बुलेन्स/बस उपलब्ध गराउनुका साथै नदीको तटबन्ध, एकीकृत जाँच चौकी, रेलमार्ग निर्माण तथा दुई देशबीचको द्विपक्षीय व्यापारमा उत्प्रेरकलगायतका क्षेत्रमा सहयोग गर्न प्रतिबद्ध छ ।

वाणिज्य दूतावासले गत महीना काठमाडौंस्थित भारतीय राजदूतावासद्वारा उपहार दिइएको ७५ वटा एम्बुलेन्समध्ये दुईवटा एम्बुलेन्स उपहार प्रदान गरेको थियो । एउटा एम्बुलेन्स वीरगंजको ग्रीन सिटी सामुदायिक प्रहरी सेवा केन्द्र र अर्को जनकपुरको ग्रामीण विकास संस्थालाई हालै उपहार प्रदान गरिएको थियो। भारतको विकास साझेदारीका मुख्य साधनहरूमा लाइन अफ क्रेडिट, अनुदान सहायता, साना विकास परियोजनाहरू, प्राविधिक परामर्श, विपद् राहत र मानवीय सहायतासाथै भारतीय प्राविधिक तथा आर्थिक सहयोग (ITEC) कार्यक्रम अन्तर्गत क्षमता विकास कार्यक्रमहरू समावेश छन् ।

नेपाल र भारतबीचको जन-जनको सम्बन्ध र सांस्कृतिक सम्बन्ध सबैलाई ज्ञात नै छ । भारत रामायण सर्किट निर्माण अन्तर्गत एक भाग नेपालमा पनि निर्माण गर्न प्रतिबद्ध छ। श्री रामायण यात्रा 'भारत गौरव' पर्यटक ट्रेन १४ कोच र ५०० धार्मिक पर्यटकको साथमा जुन कि २१ जून, २०२२ मा भारतका माननीय रेलमन्त्री तथा माननीय पर्यटनमन्त्रीद्वारा संयुक्तरूपमा नयाँ दिल्लीबाट झन्डा देखाइ सुरुआत गरिएको थियो, २३ जून, २०२२ मा जनकपुरधाम पुगेको थियो। यो भारत र नेपालमा रामायण सर्किट कभर गर्ने आफ्नो किसिमको पहिलो पर्यटक ट्रेन थियो । जनकपुर नगरले गरेको भव्य स्वागत भारतबाट आउने पर्यटकको मनमा जीवित रहनेछ । यसअघि २ अप्रिल २०२२ मा भारतको जयनगर र नेपालको कुर्था जोड्ने रेललाई भारत र नेपालका प्रधानमन्त्रीज्यूहरूद्वारा संयुक्तरूपमा झन्डा देखाएर उद्घाटन गरिएको थियो ।

वाणिज्य दूतावास नेपाल र भारतका जिल्ला प्रशासनबीच समसामयिक हितका विषयमा सीमा समन्वय बैठक आयोजना गर्दै आएको छ। हालै चितवन र वीरगंजमा पर्यटन र व्यापार प्रवर्धनका लागि बैठक सम्पन्न भएको छ। दुवै देशका सीमावर्ती जिल्लाका जिल्लास्तरीय सुरक्षा अधिकारीबीचमा पछिल्लो सीमा समन्वय बैठक ६ अगस्त, २०२२ जनकपुरमा भएको थियो ।

महावाणिज्य दूतावासद्वारा सीमापार सवारीसाधनहरूको सहज आवतजावतको सुविधा प्रदान गरिन्छ। वाणिज्य दूतावास व्यापार विवादको मामलामा मध्यस्थता पनि गर्दछ। वाणिज्य दूतावासद्वारा विभिन्न निजी र यातायातका सवारीसाधनहरूलाई छोटो वा लामो अवधिको भारत भ्रमणका लागि सवारी अनुमतिहरू जारी गरिन्छ।

हालै महावाणिज्य दूतावासद्वारा विभिन्न आकारका करीब तीन हजार टेन्ट र १० वटा फुल्ने डुङ्गा विपद् राहत सामग्रीहरू नेपाल सरकारलाई हस्तान्तरण गरिएको थियो ।

महावाणिज्य दूतावासद्वारा गत वर्ष चितवनको गुञ्जमान सिंह अस्पताल, श्री राष्ट्रिय प्राथमिक विद्यालय, चितवन, वाग्मती निम्न माध्यमिक विद्यालय, मकवानपुर, सर्लाहीको श्री बालगोविन्द जनता उच्च माध्यमिक विद्यालय र श्री जनता माध्यमिक विद्यालय तथा लालबन्दी, सर्लाहीस्थित फौदसिंह जनता मावि जस्ता उच्च प्रभावकारी सामुदायिक विकास परियोजनाहरू (HICDPs)को उद्घाटन गरियो ।

आत्मनिर्भरता 2.0 को लागि भारतको प्रयासमा Covid-19 ले महत्त्वपूर्ण भूमिका खेलेको छ। भारतले सार्वजनिक-निजी साझेदारी, केन्द्र-राज्य सहयोग र जागरूकता निर्माणको सहयोगमा आफ्ना नागरिकहरूका लागि खोपको दुई अर्ब मात्रा पूरा गरेको छ। भारतले ठूलो सङ्ख्यामा खोप र पिपिई विश्वभर निर्यात पनि गरेको थियो, जसबाट नेपाल पनि लाभान्वित भएको छ ।

नेपालले युनिफाइड पेमेन्ट इन्टरफेस (UPI) लाई अपनाएको छ, जुन भारतमा सरकार-समर्थित केन्द्रिकृत डिजिटल भुक्तानी गेटवे हो, जुन कि २०२१ मा विश्वव्यापी डिजिटल कारोबारको सबैभन्दा ठूलो सङ्ख्या ४८ अर्ब, चीनको (१८ अर्ब)भन्दा झन्डै तीन गुणा ठूलो हो र अमेरिका, क्यानडा, बेलायत, फ्रान्स र जर्मनीको संयुक्त कारोबारभन्दा कम्तीमा छ गुणा ठूलो छ ।

वर्तमान मन्थन र बदलावबाट नयाँ विश्वव्यापी व्यवस्थाको उदय भएपश्चात्, 'अमृतकाल' अर्को २५ वर्षको अवधिमा बलियो राजनीति, बलियो अर्थतन्त्र र सक्षम परराष्ट्र नीति जो बलियो, लचिलो र परिणाम उन्मुख छ र मूलमा विश्वव्यापी कल्याणको साथ एक सौम्य नेतृत्वको भूमिका निर्वाह गर्न भारत तयार छ ।

नेपालमा पूर्वाधार विस्तारमा नेपाल सरकारको प्रयासमा टेवा पुर्‍याउने परियोजनासँग जोडिन पाउँदा भारत सरकार उत्साहित छ । भारतले आफ्नो 'छिमेकी पहिलो' नीति अन्तर्गत नेपालसँगको सम्बन्धलाई उच्च महत्त्व प्रदान गर्दछ र विभिन्न पहलहरूमार्फत नेपालका जनतालाई सहयोग जारी राख्नेछ।

**जय हिन्द !**

---

# बहुआयामिक महत्वको दुई पक्षीय सम्बन्ध

स्वतन्त्र विचार

**श्रीमन्नारायण**

an_shriman@yahoo.com

दक्षिणी छिमेकी भारत स्वतन्त्रताको ७६औं वर्षमा प्रवेश गरेको छ। विश्वको सबैभन्दा ठूलो लोकतान्त्रिक देश भारत विगत साढे सात दशकमा विभिन्न आरोह-अवरोहको सामना गर्दै अहिले विश्वकै महाशक्ति राष्ट्र बन्ने अवस्थामा पुगेको छ। भारतले आर्थिक, सांस्कृतिक, विज्ञान, अन्तरिक्ष तथा सूचना प्रविधिको क्षेत्रमा प्राप्त गरेको उपलब्धिले उसलाई निकै तीव्र गतिमा विश्वमञ्चमा एक प्रमुख शक्तिको रूपमा स्थापित गरेको छ । जी-७, ब्रिक्स, इन्डो प्यासिफिक, क्वाड, आशियान र बिमस्टेक जस्ता क्षेत्रीय एवं अन्तर्राष्ट्रिय मञ्चहरूमा सहभागी हुने एक्लो हैसियत बनाएको भारत वर्तमान अवस्थामा अमेरिका, रूस, चीन, ब्रिटेन, जर्मनी र फ्रान्सलाई समेत आफ्नै शर्त अनुसार मित्रता कायम राख्न बाध्य गरेको छ । आधुनिक भारतको यो कुशल एवं सफल परराष्ट्रनीतिको सङ्केत हो । नेपालको दक्षिणी छिमेकी राष्ट्र भएको तथा हामी दुई देश एउटै सनातन धर्म एवं संस्कृतिको साझा वाहक भएका कारण कतिपय मामिलामा हामी अभिन्न पनि छौं। नेपाल र भारत दक्षिण एशियाका दुई यस्ता मित्रराष्ट्र हुन्, जसलाई भूगोल र इतिहासले पनि सँगसँगै गाँसिदिएको छ। खुला सिमाना, धार्मिक, सांस्कृतिक, राजनीतिक र आर्थिक सम्बन्धले हामीबीचको मित्रतालाई निरन्तररूपमा सुदृढ बनाउँदै लगेको छ।

नेपाल र भारतबीचको भौगोलिक सन्निकटता, आर्थिक अन्तरसम्बन्ध राज्यस्तरमा मात्रै सीमित नभई जनस्तरमा समेत गहिरो र फराकिलो रहेको छ। नेपाल र भारतको सम्बन्धलाई परिभाषित गर्नु सहज र सरल छैन । सरकारहरूको आफ्नै समस्या, परिस्थितिजन्य बाध्यता हुन सक्छ तर नयाँ दिल्ली र काठमाडौंले निर्धारण गरेको सम्बन्धभन्दा निकै गहिरो र व्यापक यी दुई देशका जनताबीचको सम्बन्ध रहेको छ। त्रेतायुगमा अवधका राजकुमार रामको विवाह मिथिलाकी राजकुमारी सीतासित भएको थियो । सीताराम प्रत्येक हिन्दूका निम्ति आस्था, विश्वास र मुक्तिको शब्द बन्न गएको छ । त्रेतायुगमा १४ हजार वर्षअघि स्थापित यो सांस्कृतिक सम्बन्ध नेपालको राजपरिवारदेखि लिएर सर्वसाधारणसम्म कायम रहेको छ । राजनीतिक कारणले पूर्वाग्रही मानसिकता राखेकाहरूले यसमा पनि व्यवधान खडा गर्ने प्रयास गर्दै आएका छन्। तर तिनको कुत्सित मानसिकता सफल नहुने निश्चित छ। यस वैवाहिक सम्बन्धले कायम गरेको आत्मियता, मित्रता र सहयोगको भावनाको विश्लेषण सम्भव छैन। नेपाल-भारत सम्बन्ध कागजको टुक्राबाट नभई जनभावनाबाट बनेको हो, यो सम्बन्ध कुनै शासकद्वारा अथवा राजनीतिक दलद्वारा नभई जनस्तरबाट स्थापित रहेको छ र निरन्तररूपमा सुदृढ एवं विकसित हुँदै गएको छ । यसको गहिराइ र व्यापकताको विश्लेषण सम्भव छैन । भारतका स्वतन्त्रता आन्दोलनमा नेपालीहरूले र नेपालको प्रत्येक राजनीतिक परिवर्तनमा भारत र भारतीयहरूको सहयोग यसैको उदाहरण हो ।

नेपालका प्रथम शहीद शुक्रराज शास्त्रीका बुबा माधवराज जोशीले आफ्नो मित्र भारतका पञ्जाबी मास्टर गुरुदयाल बिएलाई भदौ महीनामा काठमाडौंको डाँडा कटाउँदा नेपालमा प्रजातन्त्रको स्थापनार्थ शहीद हुने पहिलो भारतीय थिए। त्यति बेला नेपालमा चन्द्र शम्शेरको शासन थियो। मास्टर गुरुदयाल नेपालमा शिक्षकको रूपमा सेवा दिइरहेका थिए। १९९० माघ १० गतेका दिन पचली भैरवमा शहीद भएका शुक्रराज शास्त्री पनि महात्मा गाँधी, पण्डित जवारहलाल नेहरू र नेताजी सुभाषचन्द्र बोसबाट प्रभावित थिए ।

२६ जनवरी १९४७ मा कोलकाताको खालसा कलेजमा नेपाली काङ्ग्रेस (तत्कालीन अखिल भारतीय नेपाली राष्ट्रिय काङ्ग्रेस)को स्थापना भएको थियो। यसको घोषणापत्रमा भारत र नेपालको स्वतन्त्रताको लागि समानरूपमा लड्ने प्रतिबद्धता यस पार्टीका नेता एवं सदस्यहरूले व्यक्त गरेका थिए । सन् १८५७ को सिपाही विद्रोहलाई कुल्चिन राणा प्रधानमन्त्री जङ्गबहादुरले अङ्ग्रेज शासकलाई गोर्खाली सहयोगको मदत गरेका थिए, जबकि नेपालका जनता भने भारतका जनता र विद्रोही आन्दोलनकारीहरूको पक्षमा थिए । भारतको स्वाधीनता आन्दोलनमा शान्तिप्रिय नेपाली जनता महात्मा गाँधीको अपीलमा अहिंसक आन्दोलनमा सहयोग गरिरहेका थिए भने नेपालका कतिपय युवाहरू नेताजी सुभाषचन्द्र बोसको नेतृत्वको आजाद हिन्द फौजमा सहभागी भई आन्दोलनमा सामेल थिए । नेताजी सुभाषचन्द्र बोसका सहायक पञ्जाब भाक्सुमा जन्मेका मेजर पूर्ण सिंहले नै २००७ सालमा नेपालको जनमुक्ति सेनाको कमान सम्हालेका थिए। विपी कोइराला स्वयंले आफ्नो पहिलो कविता इसं. १९३० मा हिन्दी भाषामा मुम्बईमा लेखेका थिए, जसको शीर्षक थियो 'स्वतन्त्र भारतको जय' । नेपाल कम्युनिस्ट पार्टीको जन्म पनि भारतमैं भएको थियो। बनारसमा जन्मेका विपी कोइराला, रामनगरमा जन्मेका कृष्णप्रसाद भट्टराई र सहरसामा जन्मेका गिरिजाप्रसाद कोइराला नेपालका प्रधानमन्त्री भए ।

नेपालमा राणाविरोधी आन्दोलनमा सप्तरीको कुशहाघाटमा शहादत दिने डा कुलदीप पनि भारतीय नै थिए । जनआन्दोलन-२ मा बिहार सीतामढीका मोहम्मद जहाँगिरले बानेश्वर काठमाडौंमा शहादत दिएका थिए । भारतको स्वाधीनता आन्दोलनताका भारतका आन्दोलनकारीहरू अङ्ग्रेजहरूको व्यापक दमन, अत्याचार एवं गिरफ्तारीबाट बच्न सीमावर्ती नेपालको तराई क्षेत्रमा पनि लुकेर बस्दथे । सप्तरीको हनुमाननगर जेलमा जयप्रकाश नारायणजस्ता नेतालाई पनि पक्राउ गरेर राखिएको थियो । स्थानीय जनताले जेल फुटाइ तिनलाई मुक्त गराएका थिए। पश्चिमी तराईमा अवध नवाबका महारानी बेगम हजरत महल पनि अङ्ग्रेजको आतङ्कबाट बच्न महीनौं कपिलवस्तुमा समय बिताएकी थिइन्। स्व विपी कोइराला र मनमोहन अधिकारी त भारतको स्वाधीनता आन्दोलननमा पक्राउ पनि परेका थिए। बिहारको राजधानी पटनामा स्व विपी कोइरालाको स्मारक हुनु यसैको सङ्केत हो । नेपाली काङ्ग्रेसले राणाशासनको विरोधमा सशस्त्र सङ्घर्षको उद्घोष पनि रौतहटको सीमावर्ती भारतीय बजार बैरगनिया सम्मेलनबाट गरेका थिए ।

जहानियाँ राणा शासनको अन्त्यको निम्ति तत्कालीन राजा त्रिभुवनले काठमाडौंस्थित भारतीय राजदूतावासमा शरण लिएका थिए र विशेष वायुयानमार्फत नयाँ दिल्ली पुगेका थिए। भारतका तत्कालीन प्रधानमन्त्री पण्डित जवाहरलाल नेहरूको पहलमा राणा, नेपाली काङ्ग्रेस र राजा त्रिभुवनबीच सम्झौता भई नेपालमा प्रजातन्त्रको स्थापना भएको हो ।

भारत स्वतन्त्र भएपछि मात्रै नेपाल र भारतबीच स्वतन्त्र र सार्वभौम दौत्य सम्बन्ध स्थापित भयो र प्रथमपटक सुरजित सिंह मजिठिया राजदूतको रूपमा नेपाल आए, जबकि नेपालको तर्फबाट सम्भवतः सिंहशम्शेर राणा भारतका राजदूत नियुक्त भए। सन् १९५० को ३१ जुलाईमा नेपाल र भारतबीच भएको शान्ति एवं मैत्री सन्धिमा सर्वप्रथम दुवै देशलाई समानरूपले स्वतन्त्र, अखण्ड र पूर्ण सार्वभौम सत्ता सम्पन्न देशको रूपमा दर्जा दिइयो ।

आज़ादी का
अमृत महोत्सव

विसं २०१७ पुस १ गते राजा महेन्द्रले संसदीय बहुदलीय व्यवस्थालाई अन्त्य गरी देशमा निर्दलीय शासन लागू गर्दा र नेपालको प्रजातन्त्रवादीहरूलाई जेलमा राख्दा सर्वप्रथम भारतले नै त्यसको विरोध गरेको थियो । नेपालका प्रजातन्त्रवादीहरू पुनः भारतमैं निर्वासनमा रहन बाध्य भए। डेढदेखि दुई दशकसम्म नेपाली नेताहरूले भारतमा शरण लिनुपर्‍यो। विसं २०४६ सालमा प्रजातन्त्र पुनर्स्थापनाको आन्दोलनमा पनि भारतका तत्कालीन नेताहरू चन्द्रशेखर, सुब्रमण्यम स्वामी, एमजे अकबर, एम फारुकी, हरकिसन सिंह सुरजितहरू काठमाडौंमा आएर राजतन्त्रविरोधी सम्बोधन गरी नेपालका प्रजातन्त्रवादीहरूलाई आन्दोलनको निम्ति उत्प्रेरित मात्रै गरेनन्, अपितु आन्दोलनमा भारतको पूर्ण सहयोगको वाचा पनि गरे । आन्दोलन सफल पनि रह्यो । फेरि विसं २०५९ सालमा राजा ज्ञानेन्द्रले शासन सत्ता आफ्नो हातमा लिंदा भारतले माओवादी र सात दललाई एउटै थलोमा ल्याइ १२ बुँदे सम्झौता गरी आन्दोलनको निम्ति उत्प्रेरित गर्‍यो । आखिर नेपालमा सङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापना पनि भयो। नेपाल र भारतबीच द्विपक्षीय आर्थिक सम्बन्धको थालनी सन् १९५० को शान्ति तथा मैत्री सम्बन्धदेखि भएको हो। खासगरी त्रिभुवन राजमार्ग, केन्द्रीय टेलिग्राम सेवा, वीर अस्पताल आदि पूर्वाधारहरू आज पनि दुई पक्षीय सम्बन्धका प्रतीकका रूपमा रहेका छन्। केही वर्षअघि मात्रै उद्घाटन गरिएको काठमाडौंको राष्ट्रिय ट्रमा सेन्टरको निर्माण पनि भारतकै आर्थिक सहयोगबाट भएको हो ।

भारतले नेपालका विभिन्न क्षेत्रमा गरेको सहयोगमा सडकतर्फ पूर्व-पश्चिम महेन्द्र राजमार्ग, त्रिभुवन राजपथ, सुनौली-पोखरा राजमार्ग तथा काठमाडौं दक्षिणकाली, काठमाडौं-बालाजु, काठमाडौं-त्रिशूली, काठमाडौं-गोदावरी मार्ग हुन् । भारत सरकारको आर्थिक सहयोगमा डेढ हजार किलोमिटर लामो, हुलाकी सडकको निर्माण कार्य जारी छ भने तराईका अधिकांश जिल्ला सदरमुकामलाई पूर्व-पश्चिम राजमार्गसँग जोड्ने सडकको निर्माण पनि भारत सरकारकै सहयोगमा भएको छ अथवा भइरहेको छ । जलविद्युत्तर्फ देवीघाट, गण्डक, त्रिशूली, टनकपुरलाई लिन सकिन्छ भने माथिल्लो कर्णाली तथा अरुण तेस्रो जलविद्युत् परियोजनाको निर्माण कार्य पनि भारत सरकारकै सहयोगमा हुने भएको छ। दुवै परियोजना नौ/नौ सय मेगावाटका छन्। भारतबाट बिजुलीको अभाव भइरहेको कारण विगत केही वर्षदेखि लोडसेडिङ बन्द छ तर अब नेपालले भारतमा बिजुली निर्यात गरिरहेको छ। भारतसित भएको विद्युत् विकास तथा विद्युत् व्यापार निर्यातले नेपालको अर्थतन्त्रलाई मदत पुर्‍याउनेछ। ऊर्जा निर्यात हाम्रो आयको एउटा प्रमुख स्रोत बन्दै गएको छ ।

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल, पोखरा, विराटनगर, जनकपुर, सिमरा र भैरहवा विमानस्थलको निर्माण पनि भारत सरकारकै सहयोगमा भएको छ। त्यसैगरी, सञ्चार क्षेत्रमा पूर्व-पश्चिम अप्टिकल फाइबर नेटवर्क, गोश्वारा हुलाक काठमाडौं, वैदेशिक हुलाक कार्यालय भवन, झापा, वीरगंज, विराटनगर तथा जनकपुरधाममा टेलिफोन एक्सचेन्ज भवनको निर्माणमा पनि भारतले सहयोग गरेको हो ।

पूर्व-पश्चिम महेन्द्र राजमार्ग कोहलपुर र महेन्द्रनगर सडक अन्तर्गत २२ वटा पुललगायत अन्य क्षेत्रमा दर्जनौं पुलको निर्माण र नदीको तटबन्ध निर्माणमा पनि भारतले सहयोग गरेको छ । स्वास्थ्य विज्ञान क्षेत्रमा विपी कोइराला अथवा अनेकौं जिल्लामा अस्पताल भवनको निर्माण, शैक्षिक पूर्वाधार निर्माण क्षेत्रमा त्रिभुवन विश्वविद्यालय, कीर्तिपुरको विज्ञान भवन पुस्तकालय, छात्रावास, कर्मचारी भवन, त्रिचन्द्र कलेजको विज्ञान भवन, विराटनगरलगायत देशका विभिन्न भागमा सयकडौं विद्यालय भवनको निर्माणमा सहयोग गरेको छ । यसका अतिरिक्त ग्रामीण विद्युतीकरण, वीरगंजको सुक्खा बन्दरगाहलाई रेलसँग जोड्ने काम पेट्रोलियम पदार्थको सहज आपूर्तिको लागि अमलेखगंजसम्म पाइपलाइनको निर्माण, सूचना प्रविधिको विकासमा सहयोग, गोरखा रेजिमेन्टमार्फत हजारौं युवालाई जागीर, भारत सरकारले नेपालका करीब सबै जिल्लामा विकास निर्माणका कार्यक्रममा सहयोग गरेको छ । भारत सरकारले अहिलेसम्म आठ हजार करोडभन्दा बढी रुपैयाँको लगानी नेपालको विकास निर्माण कार्यमा गरेको छ। पाँच सयभन्दा बढी परियोजना पूरा भएका छन् अथवा सञ्चालनमा छन्। हालका दिनमा पनि विभिन्न जिल्लामा अस्पताल भवनको निर्माण, सडक तथा पुलको निर्माण, एम्बुलेन्स तथा स्कूल बसको उपहार स्वरूप प्रदान, विभिन्न तहका छात्रछात्राहरूलाई निश्शुल्क छात्रवृत्तिमा भारतको स्तरीय क्याम्पस र विश्वविद्यालयमा अध्ययनको अवसर प्रदान, सीमा जाँच चौकीहरूको निर्माण, रेलमार्ग पूर्वाधारको निर्माण, तराईका १५ वटा जिल्लामा २० भन्दा बढी सडकको निर्माण कार्य सबै तराई क्षेत्र र राजधानीलाई जोड्ने २६ किलोमिटर दूरीको काठमाडौं-हेटौंडा सडकको निर्माणमा पनि भारतले सहयोग गरेको छ । भारतले गरेका सबै सहयोगको उल्लेख गर्नु सम्भव पनि छैन। मित्रताको मापदण्ड लेनदेन मात्रै हुन सक्दैन तथापि दक्षिणी छिमेकी भारतले नेपालमा गरेको सहयोग मित्रता स्वरूपको उपहार हो । कोभिड-१९ को सङ्कटमा पनि भारतले गरेको सहयोग बिर्सिन सकिंदैन। भारतले स्वतन्त्रताको ७५औं वर्षलाई आजादीका अमृत महोत्सवको रूपमा निकै धूमधाम र उत्साहका साथ विभिन्न कार्यक्रमको आयोजना गरी वर्षभरि नै मनाएको छ। नेपाल-भारत सम्बन्ध अमर रहोस् ।

> **कोभिड-१९ को सङ्कटमा पनि भारतले गरेको सहयोग बिर्सिन सकिंदैन । भारतले स्वतन्त्रताको ७५औं वर्षलाई आजादीका अमृत महोत्सवको रूपमा निकै धूमधाम र उत्साहका साथ विभिन्न कार्यक्रमको आयोजना गरी वर्षभरि नै मनाएको छ ।**
> **नेपाल-भारत सम्बन्ध अमर रहोस् ।**

# शाखा सडकबाट आएको पहिराले मुख्य सडक अवरुद्ध

– सञ्चिता घिमिरे

काठमाडौं, २९ साउन/रासस

नारायणगढ–मुग्लिन सडकमा शाखा सडकबाट आएको पहिराका कारण ठाउँठाउँमा मुख्य सडक अवरुद्ध भइरहेको छ ।

मुख्य सडकसँग जोडिनेगरी वा त्योभन्दा माथिल्लो भागमा स्थानीय तह तथा प्रदेश सरकारले शाखा सडक खन्ने गरेका छन् । स्थानीयस्तरमा प्रयोगका लागि बनाइएका ती सडक खन्दा आएको पहिराले मुख्य सडक अवरुद्ध हुने गरेको हो । राष्ट्रिय राजमार्ग जोडेर शाखा सडक बनाउँदा कुनै समन्वय नहुने सडक विभागले जनाएको छ ।

मुख्य सडकभन्दा झन्डै दुई सय ५० मिटर माथिबाट पहिरो खस्दा मौरी खोला पुलमा पुरिएर पटकपटक सडक अवरुद्ध भइरहेको छ । यो वर्षाका कारणले नारायणगढ–मुग्लिन सडकमा ठाउँठाउँमा सडक अवरुद्ध भइरहेको छ । अहिले मौरी खोला पुल र अरू दुई–तीन स्थानका सडकमा बाढी र पहिराका कारण पटकपटक सडक अवरुद्ध भइरहेको सडक विभागले जनाएको छ। नारायणगढ–मुग्लिन सडकमा मौरी खोला पुल र अरू दुई–तीन ठाउँमा मात्रै यस वर्ष सडक अवरुद्ध हुने समस्या भइरहेको छ ।

मौरी खोलामा झन्डै तीन–चार सय मिटर माथिबाट पहिरोले ढुङ्गा, गेग्रान ल्याउँदा पुल पुरिएको विभागका महानिर्देशक अर्जुनजङ्ग थापाले बताए । पहिराले पुल पुरिंदा सडक पटकपटक अवरुद्ध भइरहेको र विभागले खुलाइरहेको उनले बताए ।

मौरी खोला पुलभन्दा माथिल्लो भागमा एउटा कच्ची सडक निर्माण हुँदा त्यसका कारण यस वर्ष पुलमा बढी असर पुगेको उनले बताए । सो शाखा सडक आठ/दश वर्ष पहिले निर्माण शुरू भएको थियो । त्यो सडकका कारण अझै बढी गेग्रान आइरहेको उनले बताए। पहिले स्थानीय सडक भए पनि यस वर्ष सडकलाई निर्वाचन क्षेत्र सडकमा पारेपछि अब विभागको कार्यक्षेत्रमा परेको उनको भनाइ छ । उनले भने–“सडकका कारण यस वर्ष पहिरो बढ्न गएको हो ।”

तस्वीरः फाइल

विसं २०६० मा पनि सो स्थानमा पहिरो आएकोले जापान अन्तर्राष्ट्रिय सहयोग नियोग (जाइका) को सहयोगमा ड्याम निर्माण गरिएको थियो। त्यसमा गत वर्ष क्षति भएपछि विभागले मरम्मत गरे पनि यस वर्ष पहिराले पूर्णरूपमा पुरेको छ । माटो हटाएर पुल सफा गरिरहेको महानिर्देशक थापाले बताए । पहिरो खुलाउन सो स्थानमा पहिले तीन उपकरण राखिएकोमा अहिले एक थप गरिएको उनले बताए । उनले भने–“पहिराको जानकारी प्रहरी, स्थानीयवासी कसैले देखेमा लोडर वा स्काभेटर अपरेटरलाई दिंदा तत्काल पहिरो हटाउन शुरू गरिंदै आएको छ ।”

गत वर्ष वर्षाको समयमा धेरै ठाउँमा सडक अवरुद्ध हुने गरेको थियो। अहिले बाढी र पहिराका कारण हुने क्षति न्यूनीकरणका लागि विभिन्न संरचना बनाइएको सडक विभागले जनाएको छ। गत वर्ष भित्ता काटेर पहिरो नियन्त्रणका लागि बनाइएको संरचना, नदीले कटान नगरोस् भनी निर्माण भएका पाइल र ठाउँठाउँमा वृक्षारोपण गर्दा पहिराको जोखिम केही कम भएको विभागका महानिर्देशक थापाले बताए ।

सडकको भित्ता काटेपछि ठाउँठाउँमा विभिन्न प्रविधि प्रयोग गरेर बलियो बनाइएको उनले बताए। भित्ताभरि प्वाल पारेर छ–आठ मिटर लामो रड छिराएर त्यसमाथि जाली लगाई त्यसलाई स्थिर बनाइएको हो । ती संरचना निर्माण गरिएको स्थानमा अहिले पहिरो नगएको उनले बताए ।

उनले भने–“ठाउँठाउँमा त्यो अहिले पनि देख्न सकिन्छ, कतै भने घाँस उम्रिसकेको छ ।” सो सडकमा गत वर्ष नारायणी नदीले तलबाट तानेर सडक भत्कने गरेको महानिर्देशक थापाले बताए। अहिले ठाउँठाउँमा कंक्रिट ब्लक राखिएको छ। नारायणी किनारमा १७ किमीमा पाइल राखिएको उनले बताए।

सडकमा खाल्डा हुँदा माटो, ग्राभेलले पुर्ने र पकाएर राखेको अलकत्राले टाल्ने गरिएको छ । तीन/चार महीना पहिलेदेखि अलकत्रा पकाएर बोरामा राखिने गरिएको महानिर्देशक थापाले बताए। विशेष केमिकलमा नयाँ प्रविधि प्रयोग गरेर पकाइएको अलकत्रा बोरामा राख्न मिल्ने र जहाँ खाल्डा भयो त्यहाँ टालिने उनले बताए। उनले भने–“धेरै बिग्रिएमा गर्न गाह्रो भए पनि ससाना खाल्डामा सकिन्छ ।”

स्थानीयस्तरमा जतासुकै शाखा सडक खोल्दा पहिरो आउँदा राजमार्ग अवरुद्ध हुने अवस्था आइरहेको महानिर्देशक थापाले बताए । पहिरो पन्छाउन पनि नजीकै विद्युत् र टेलिफोनको लाइन हुँदा समस्या रहेको उनले बताए । तार र खम्बा सडकभन्दा केही टाढा नभएर मुख्य सडकमैं हुँदा डोजर, लोडर र स्काभेटर चलाउन नसकिने अवस्था छ । उनले भने–“नाङ्गो तारमा मेशिनले छुँदा पनि जोखिम छ ।”

अहिले पहिरो पन्छाउनुभन्दा जाम खुल्न बढी समय लाग्ने गरेको छ । सडकको अवरोध पन्छाएर खुलेपछि गाडी आठ/नौ घण्टा रोकिनुपर्ने अवस्था रहेको महानिर्देशक थापाले बताए। तीन/चार घण्टामा सडक खुले पनि अगाडि जाने गाडीको तँछाड–मछाडले गर्दा त्यो क्षेत्रमा जाम हट्न आठ/नौ घण्टा लाग्ने गरेको उनले बताए । उनले भने–“हामीले भनेपछि गृह मन्त्रालयबाट लेन अनुशासन कायम गराउन निर्देशन भए पनि पूर्णरूपमा पालना भइसकेको छैन ।”

विगतका वर्षमा विस्तार गरिएको नारायणगढ–मुग्लिन सडकमा हाल पुल निर्माण भइरहेको छ ।

विगतमा कम चौडा पुल रहेकोमा तिनलाई सडक जतिकैं चौडाइ कायम गर्न पुरानो पुल भएको ठाउँसँगै नयाँ पुल निर्माण भइरहेको छ। सरकारले मुग्लिन–नारायणगढ, मुग्लिन–पोखरा र नारायणगढ–बुटवल सडक विस्तारसमेत अघि बढाइरहेको छ ।

# मेघगर्जनसहित वर्षाको सम्भावना

काठमाडौं, २९ साउन/रासस

देशभर सामान्य बदली रही केही स्थानमा मेघगर्जनसहित भारी वर्षा हुने भएको छ।

जल तथा मौसम विज्ञान विभागका अनुसार देशभर सामान्य बदली रही केही स्थानमा मेघगर्जन–चट्याङसहित हल्कादेखि मध्यम वर्षाको सम्भावनाका साथै सुदूरपश्चिम, लुम्बिनी, गण्डकी, वाग्मती तथा प्रदेश नं १ का एक–दुई स्थानमा मेघगर्जन–चट्याङसहित भारी वर्षाको सम्भावना छ ।

हाल मनसुनको न्यूनचापीय रेखा सरदर स्थानभन्दा दक्षिणमा अवस्थित छ ।

विभागले आगामी २४ घण्टा देशका पहाडी भूभागका केही र बाँकी भूभागका थोरै स्थानमा मेघगर्जन–चट्याङसहित हल्कादेखि मध्यम वर्षाको सम्भावना र प्रदेश नं १ का थोरै स्थानमा तथा मधेस, वाग्मती, गण्डकी, लुम्बिनी र सुदूरपश्चिम प्रदेशका एक–दुई स्थानमा भारी वर्षाको सम्भावना रहेकोले उक्त भूभागमा भूक्षय, पहिरो तथा गेग्रान बहावको जोखिम रहनुका साथै नदीनाला तथा खहरे खोलामा पानीको सतह बढ्न सक्ने र दैनिक जनजीवन/यातायात क्षेत्रसमेत प्रभावित हुन सक्ने भएकाले सतर्क रहन सबैमा अनुरोध गरेको छ ।

रातको समय देशभर सामान्य बदली रही देशका केही स्थानमा मेघगर्जन–चट्याङसहित हल्कादेखि मध्यम वर्षाको सम्भावना तथा प्रदेश नं १ र सुदूरपश्चिम प्रदेशका एक–दुई स्थानमा मेघगर्जन–चट्याङसहित भारी वर्षाको सम्भावना रहेको विभागले जनाएको छ ।

सोमवार देशभर आंशिकदेखि सामान्य बदली रही देशका पहाडी भूभागका केही र बाँकी भूभागका थोरै स्थानमा मेघगर्जन–चट्याङसहित हल्कादेखि मध्यम वर्षाको सम्भावना छ।

# पाठशालाको आयोजनामा कविता सम्मेलन

प्रस, वीरगंज, २९ साउन/

पाठशाला नेपाल संस्थाको आयोजनामा शनिवार वीरगंजस्थित ठाकुर राम बहुमुखी क्याम्पसको सभाहलमा कविता सम्मेलन सम्पन्न भएको छ ।

पाठशालामा कवि
कवि भूपिन र निमेष निखिलका साथ ।
मितिः २०७९ श्रावण २८ गते शनिवार
स्थानः ठाकुरराम बहुमुखी क्याम्पस, आदर्शनगर, वीरगञ्ज
आयोजकः
पाठशाला नेपाल

पाठशालाका अध्यक्ष बालगोपाल थापाको अध्यक्षतामा भएको कार्यक्रममा कविहरू भूपिन खड्का र निमेष निखिललगायत स्थानीय कविहरू अनिता शाह, दिलीपराज कार्की, सीता अधिकारी, ध्रुवसिंह ठकुरी, पुरुषोत्तम आचार्यलगायतले कवितावाचन गरेका थिए। कार्यक्रममा नेपाल उद्योग वाणिज्य सङ्घ मधेस प्रदेशका अध्यक्ष गणेश लाठ, ठाकुर राम बहुमुखी क्याम्पसका प्रमुख डा उमेश चौरसियालगायतले मन्तव्य व्यक्त गरेका थिए ।

# नेप्से परिसूचकको ओरालो यात्रा जारी

काठमाडौं, २९ साउन/रासस

NEPAL STOCK EXCHANGE LTD.
NEP

धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक आइतवार पनि ओरालो लागेको छ। शेयर कारोबार हुने साताको पहिलो दिन नेप्से परिसूचक २७ दशमलव ९२ अङ्कले ओरालो लागेर दुई हजार १० दशमलव शून्य एकमा पुगेको छ ।

यस्तै, ठूला कम्पनीको शेयर कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक चार दशमलव ७६ अङ्कले ओरालो लागेर ३८७ दशमलव ९० मा ओर्लेको छ। कुल २२७ कम्पनीका ४५ लाख ५९ हजार २२ कित्ता शेयर रु एक अर्ब ८७ करोड ३२ लाख ८१ हजार ८९७ मा कारोबार भयो ।

नेप्सेका अनुसार कारोबार भएका १३ वटै उपसमूहको शेयर मूल्यमा गिरावट आएको छ। बैंकिङ आठ दशमलव ८७, व्यापार ४७ दशमलव ६९, होटल तथा पर्यटन २१ दशमलव १७, विकास बैंक ४७ दशमलव ४७, जलविद्युत् ४५ दशमलव २१, वित्त ४५ दशमलव एक, निर्जीवन बीमा ५२ दशमलव ८५, उत्पादन १९० दशमलव ७३, अन्य १६ दशमलव ५९, लघुवित्त ५० दशमलव पाँच, जीवन बीमा २३३ दशमलव ६८, सामूहिक लगानी कोष शून्य दशमलव १२ र लगानी एक दशमलव ८५ अङ्कले ओरालो लागेका छन् ।

आइतवारको कारोबारपछि बजार पूँजीकरण रु २८ खर्ब ७० अर्ब ५५ करोड ९१ लाख चार हजार ८८३ बराबर रहेको छ । नेप्सेका अनुसार कारोबारका आधारमा हिमालयन डिस्टिलरी शीर्ष स्थानमा छ। उक्त कम्पनीको रु १६ करोड ५३ लाख ९६ हजार ५१४ बराबरको कारोबार भयो । यस्तै, नेपाल लाइफ इन्स्योरेन्स रु ११ करोड २९ लाख ११ हजार १०७, शिवम् सिमेन्ट रु आठ करोड २० लाख २५ हजार ७५४, स्वावलम्बन लघुवित्त रु छ करोड ६१ लाख एक हजार ६० र नबिल बैंकको रु चार करोड ४४ लाख २७ हजार १३४ बराबरको कारोबार भई शीर्ष पाँचभित्र परेका छन् ।

नेप्सेका अनुसार अप्पर हेवा खोला आठ दशमलव १०, कालिका पावर कम्पनी दुई दशमलव ८८, सामलिङ पावर कम्पनी दुई दशमलव ४४, सिटिजन म्युचुअल फन्ड १२ दशमलव ३६ र जाल्पा सामुदायिक लघुवित्तका लगानीकर्ताले दुई दशमलव शून्य एक प्रतिशतले कमाएका छन् ।

त्यस्तै, गुराँस लघुवित्त ७० दशमलव नौ, हिमालयन डिस्टिलरी छ दशमलव १०, इमर्जिङ नेपाल पाँच दशमलव ८३, नेपाल लाइफ इन्स्योरेन्स पाँच दशमलव ७५ र मल्टिप्रपोज फाइनान्स कम्पनीका लगानीकर्ताले पाँच दशमलव ३७ प्रतिशतले गुमाएका छन् ।

## फरक समाचार

# सोडियमको कमी भएपछि के हुन्छ

हाम्रो शरीरको लागि सोडियम निकै आवश्यक हुन्छ। यदि रगतमा अचानक सोडियम कमी भएपछि हाइपोनेट्रेमिया भनिन्छ। यद्यपि सोडियम नूनबाट पाइने हुनाले शरीरमा सोडियमको कमी कमै हुन्छ ।

प्रायः सोडियम बढेको मामिला देखिन्छ । यद्यपि सोडियम कम भएपछि शरीरमा थुप्रै प्रकारका लक्षण देखिन्छन् । रोग वा गलत खानपानका कारण पनि सोडियमको कमी हुन्छ । रक्तमा सोडियमको मात्रा कम भएपछि हलुकादेखि गम्भीर लक्षण पनि देखिन्छन् ।

**हाइपोनेट्रेमियाको लक्षणः** टाउको दुख्ने, थकान, चिडचिडापन, असन्तुलित हुनु, भोकको कमी, एकाग्रतामा कमी, बान्ता हुनु, मन बेचैन हुनु, ऐठन हुनु, अचानक बढी पसिना आउनु, बेहोश हुनु, कोमा ।

हाइपोनेट्रेमियाको कारण थायराइड ग्ल्यान्डको फक्शन प्रभावित हुन सक्छ । थायराइड ग्रन्थिले मेटाबोलिज्म, हार्ट रेट, डाइजेशन र शरीरको अन्य प्रणालीलाई रेग्युलेट गर्न हार्मोन्स उत्पादन गर्छ। हाम्रो शरीरमा एड्रेनल ग्ल्यान्ड एलडोस्टेरोन हार्मोनको निर्माण गर्छ, जसले शरीरमा सोडियम र पोटाशियमलाई सन्तुलित राख्ने काम गर्छ। सिभियर डायरिया भएपछि पनि शरीरमा फ्लुको कमी हुन्छ, जसले गर्दा शरीरमा सोडियम कम हुन सक्छ ।

**उपचारः** हाइपोनेट्रेमियाको उपचार सजिलो पनि छ र गाह्रो पनि छ। यस स्थितिमा रोगीको उपचार सोडियमको स्थिति हेरेर गरिन्छ । कैयौंपटक लो सोडियम खानेकुराले पनि हाइपोनेट्रेमियाको स्थिति उत्पन्न गर्छ। यस्तो अवस्थामा चिकित्सकले शरीरमा बिस्तारै बिस्तारै सोडियमको मात्रा बढाउन सल्लाह दिन्छन्। यो कुरालाई ध्यानमा राख्नुपर्छ कि प्रोसेस्ड खानेकुरा, पाउरोटी, पास्ता, सससहित अन्य खाद्य पदार्थमा मौजुद नूनलाई नै डेली इन्टेकको लागि रिकमेन्ड गरिन्छ। यसको साथै पर्याप्त पानी पिउन पनि सल्लाह दिइन्छ ।

# कलेजोलाई स्वस्थ राख्ने खानेकुरा

कलेजो हाम्रो शरीरको पावरहाउसको रूपमा काम गर्छ । यसले प्रोटिन र कोलेस्ट्रोल उत्पादन गर्नुको साथै भिटामिन, मिनरल्स, कार्बोहाइड्रेट भण्डारण गर्छ। यसले अल्कोहल, औषधि र मेटाबोलिज्मबाट निस्किने टक्सिक पदार्थलाई टुक्र्याउन पनि मदत गर्छ । राम्रो स्वास्थ्यका लागि कलेजोलाई सही आकारमा राख्नुपर्छ । यसको आकारमा परिवर्तन र सुन्निएपछि थुप्रै रोग लाग्छन्। तसर्थ कलेजो स्वस्थ राख्न सोही अनुरूप खानेकुरा खानुपर्छ ।



**कफी र चियाः** एउटा रिपोर्ट अनुसार कफी सेवन कलेजोको लागि राम्रो हुन्छ । कफीले कलेजोमा एन्टिअक्सिडेन्टको स्तर बढाउँछ, सुन्निएको कम गर्छ। यसले कलेजोको रोग, क्यान्सर र फैटी लिभरको जोखिमलाई पनि कम गर्न मदत गर्छ । यसबाहेक ब्ल्याक र ग्रीन टीले कलेजोमा एन्जाइम र बोसोको स्तर राम्रो बनाउन सक्छ। यदि तपाईं ग्रीन टीको अर्क लिनुभइरहेको छ भने सावधान हुनुपर्छ किनभने यसबाट नोक्सान पनि हुन सक्छ ।

**ग्रेपफ्रूट, अङ्गुर र जामुनः** ग्रेपफ्रूटमा मौजुद एन्टिअक्सिडेन्ट कलेजोको सुजन कम गर्न र यसको सुरक्षा–तन्त्र बढाउन मदत गर्छ। यसको अलावा केही अध्ययन अनुसार अङ्गुरले कलेजोको फक्शन सुधार्न मदत गर्छ। यसले कलेजोमा हुने नोक्सान कम गर्छ । जामुनमा उच्च मात्रामा एन्टिअक्सिडेन्ट हुन्छ, जुन कलेजोलाई नोक्सान हुनबाट बचाउन मदत गर्छ। यसको प्रतिरक्षा र एन्टिअक्सिडेन्ट प्रतिक्रियालाई राम्रो बनाउन मदत गर्छ ।

चुकन्दरको रस कलेजाको अक्सिडेटिभ ड्यामेज र सुजनबाट बचाउन मदत गर्छ । जैतुनको तेलले कलेजोमा फैटको स्तर कम गर्न, रक्तसञ्चार बढाउन र लिभर एन्जाइमको स्तर सुधार्न मदत गर्छ। खाना बनाउने समयमा जैतुनको तेल प्रयोग गर्नुपर्छ ।

ब्रोकाउली र ब्रसेल्स स्प्राउट्सजस्ता तरकारीले कलेजोमा प्राकृतिक डिटाक्सिफिकेशन एन्जाइम बढाउन मदत गर्छ । यसको सेवनबाट कलेजोमा हुने नोक्सान बचाउन र लिभर एन्जाइममा रक्त स्तरमा सुधार्न मदत गर्छ। ओखरले पनि कलेजोको एन्जाइमको स्तर सुधारेर थुप्रै रोगबाट बचाउँछ ।

शाकाहारी खानेहरूले भोजनमा बोसो भएको माछा सामेल गर्नुपर्छ। ओमेगा–३ ले भरपूर फैटी फिश खानाले कलेजोमा थुप्रै फाइदा पुग्छ। यद्यपि ओमेगा–६ भन्दा ओमेगा–३ को अनुपात नियन्त्रणमा राख्न पनि जरूरी हुन्छ ।

# चीनमा देखियो नयाँ भाइरस

चीनमा जुनोटिक लैंग्या भाइरस देखिएको छ । यस भाइरसलाई लैंग्या हेनिपाभाइरस पनि भनिन्छ। अहिलेसम्म यसका ३५ वटा मामिला भेटिएका छन्। चीनको शेडोंग प्रान्त र मध्य चीनको हेनान प्रान्तमा यो भाइरस देखिएको हो। यस भाइरसलाई निकै खतरनाक बताइएको छ। यो भाइरस सन् २०१९ मा पहिलोपटक मान्छेमा देखिएको थियो । यसको जाँचको लागि न्युक्लिक एसिड टेस्टिङ विधि प्रयोग गरिन्छ ।

यस भाइरसको लक्षण भनेको ज्वरो, थकान, खोकी आदि हो । अधिकांश व्यक्तिलाई चिडचिडापन, टाउको दुख्ने, बान्ता आउने गर्छ। यो भाइरस मान्छेबाट मान्छेमा सर्दैन। भनिन्छ, यस भाइरसको सम्बन्ध निपाह भाइरससँग छ। निपाह भाइरस साधारणतया चमेरोमा पाइन्छ । कोभिडसरह निपाह भाइरस पनि सासको कणबाट फैलिन्छ । निपाहसँग सम्बन्धित भाइरसको अहिलेसम्म खोप बनेको छैन ।

– प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)

## अन्तर्राष्ट्रिय समाचार

# फिलिपिन्समा सङ्क्रमण बढ्यो, एकै दिन ४८ जनाको मृत्यु

मनिला, २९ साउन/सिन्ह्वा

फिलिपिन्समा पनि पछिल्लो समय कोभिड-१९ को सङ्क्रमण बढेको छ। सङ्क्रमणमा परेर शनिवार मात्र ४८ जनाको ज्यान गएको फिलिपिन्सका स्वास्थ्य अधिकारीहरूले जानकारी दिएका छन्।

तस्वीरः रायटर्स

उनका अनुसार यहाँ शनिवार मात्र ४,६७९ जनामा कोरोना सङ्क्रमण देखिएको छ। योसमेत अहिलेसम्म ३८,२७,००० भन्दा बढीमा यो सङ्क्रमण देखिएको छ।

यहाँको स्वास्थ्य विभागले पछिल्लो पटक सक्रिय सङ्क्रमितको सङ्ख्या पनि बढेको अर्थात् ४० हजारभन्दा बढी सक्रिय सङ्क्रमित रहेका जनाएको छ।

गत जनवरी १५ मा ३९,००४ जनामा कोभिड सङ्क्रमण देखिएको थियो। यो एकै दिन भएको कोरोना सङ्क्रमणको सबैभन्दा धेरै सङ्ख्या हो। फिलिपिन्समा कोरोना शुरूभएदेखि हालसम्म यस सङ्क्रमणबाट ६०,९९२ जनाको मृत्यु भएको छ।

यसैबीच मलेशियामा शनिवार रातिसम्म थप ४,३३४ जनामा कोरोना भाइरसको सङ्क्रमण देखिएको छ। सङ्क्रमणको कारण १० जनाको मृत्यु भएको छ।

कोरोना भाइरसको सङ्क्रमण शुरू भएदेखि अहिलेसम्म कम्तीमा पनि ३६ हजारजनाको निधन भएको छ। त्यसैगरी अहिलेसम्म ४७,३२,००० भन्दा मानिसमा सो सङ्क्रमण पाइएको स्वास्थ्य मन्त्रालयले जनाएको छ।

हाल यहाँ ४४,६१७ जना सक्रिय सङ्क्रमित रहेका छन्। तीमध्ये ६८ जनाको सघन उपचार केन्द्रमा उपचार भइरहेको समाचारमा जनाइएको छ।

पछिल्लो समय भेटिएका यी सङ्क्रमितहरू प्रायः सबैजसो देशभित्रैका रहेका बताइएको छ।

मलेशियाली सरकारले कोरोनाविरुद्ध खोपलाई प्राथमिकतामा राखेर लगाउने गरेकोले यहाँका सङ्क्रमतिहरूमा मृत्युदर भने निकै कम रहेको पनि बताइएको छ।

यसैबीच पाकिस्तानमा शनिवार ५८१ जना नयाँ कोभिड-१९ सङ्क्रमित थपिएका र चारजनाको मृत्यु भएको स्वास्थ्य मन्त्रालयले आइतवार जनाएको छ।

मन्त्रालयले जारी गरेको तथ्याङ्क अनुसार नयाँ सङ्क्रमणसँगै देशभर कुल सङ्क्रमितको सङ्ख्या १५,६२,८८८ पुगेको छ।

पाकिस्तानमा कोभिड-१९ शुरू भएदेखि हालसम्म सङ्क्रमणबाट ३०,५२७ जनाको मृत्यु भएको छ। हाल यहाँ १७८ जना बिरामीको अवस्था गम्भीर रहेको जनाइएको छ। रासस

---

# पाकिस्तानमा मनसुनी वर्षाबाट दशजनाको मृत्यु, २६ जना घाइते

इस्लामाबाद, २९ साउन/सिन्ह्वा

पाकिस्तानमा मनसुनी वर्षा र यससँगै आएको बाढी र पहिरोमा परी कम्तीमा १० जनाको ज्यान गएको छ। गएको २४ घण्टा यता पाकिस्तानका विभिन्न स्थानमा भएको निरन्तर वर्षा र बाढीमा परेर अरू २६ जना घाइते भएका यहाँका राष्ट्रिय प्रकोप व्यवस्थापन केन्द्रले जनकारी दिएको हो।

सो केन्द्रका अधिकारीले दिएको जानकारी अनुसार पाकिस्तानको दक्षिण पश्चिमी बलुचिस्तान प्रान्त सबैभन्दा बढी प्रभावित भएको छ। सो प्रान्तका अधिकांश स्थानमा बाढी आएको र त्यसमा परेर छजनाको ज्यान गएको छ।

त्यसैगरी यहाँको उत्तरपश्चिमी प्रान्त खैबर पाख्थुन्क्वामा पनि बाढीका कारण तीनजनाको ज्यान गएको बताइएको छ। त्यहाँका कतिपय व्यक्ति हराइरहेका पनि बताइएको छ।

यहाँ यस वर्षको जूनदेखि शुरू भएको मनसुनी वर्षाको क्रममा अहिलेसम्म अति वर्षा र बाढीमा परेर ५९२ जनाको मृत्यु भएको बताइएको छ। त्यसैगरी यस वर्षाका कारण यहाँका करीब एक हजारजना घाइते भएका छन् भने बाढीले हजारौं घरमा क्षति पुगेको छ। रासस

## आजको राशिफल

| | |
|---|---|
| मेष | रोगभय |
| वृष | नारीसुख |
| मिथुन | धनलाभ |
| कर्कट | ज्ञानोदय |
| सिंह | वाहनकष्ट |
| कन्या | राज्यलाभ |
| तुला | धनलाभ |
| वृश्चिक | अन्नलाभ |
| धनु | बेचैनी |
| मकर | धनलाभ |
| कुम्भ | सफलता |
| मीन | ईश्वरभक्ति |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

## विपश्यना ध्यान शिविर सञ्चालनसम्बन्धी सूचना

यहि २०७९ भाद्र २ गते देखि १३ गते सम्म (२०२२ अगस्त १८ देखि २९) धम्म तराई बिपश्यना ध्यान केन्द्र वीरगंज परवानिपुरमा १० दिनको आवासीय बिपश्यना ध्यान शिविर शुरू हुने जानकारी गराइनछ।सहभागी हुन इच्छुक महानुभावहरू सम्पर्क गर्नुहोला।

**फोन नं. ९८०४२४४५७६, ९८४५७१८१३७,९८०२९२९९७९**

---

**घरघरमा शौचालय प्रयोग गरौं,**
**सभ्य नागरिकको परिचय दिऔं।**

**वीरगंज महानगरपालिका**

---

## रानीघाट-पोखरिया बस समिति

भिस्वा- बिहान ७:४० बजे
भिस्वा- बिहान १०:०० बजे
भिस्वा- मध्याहृन १२:०० बजे
भिस्वा- दिउँसो १:३० बजे
दसौता- दिउँसो २:३० बजे
सेढवा- दिउँसो ३ बजे
देउरिया- दिउँसो ३:१५ बजे
भिस्वा- दिउँसोः ३:४० बजे

---

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना
परियोजना कार्यान्वयन एकाइ, पर्सा

## प्रस्ताव आह्वानसम्बन्धी सूचना

सूचना नंः- ०३ प्रथमपटक सूचना प्रकाशन मितिः २०७९/०४/२९

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन एकाइ, पर्साको आव २०७९/८० को स्वीकृत वार्षिक कार्यक्रम अनुसार तरकारी जोन (अनुसरण) अन्तर्गतको कार्यक्षेत्रभित्रका यस एकाइमा सूचीकृत कृषक समूह/कृषि सहकारी/जल उपभोक्ता समिति/कृषि उद्यमीहरू तरकारी जोन (अनुसरण) विकास कार्यक्रम अन्तर्गत तपसिलमा उल्लेख भए अनुसारका कार्यक्रममा सहभागी हुन प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाको परियोजना कार्यान्वयन म्यानुअल-२०७७ को अनुसूची-१० बमोजिमको ढाँचामा तथ्याङ्क फाराम, प्रस्तावित क्रियाकलाप एवं आर्थिक विवरणसहितको आवेदन यो सूचना प्रकाशन भएको मितिले ३०औं दिन अर्थात् मिति २०७९/०५/२७ गते कार्यालय समयभित्र पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

तपसिलः

| क्रस | कार्यक्रमहरू | माग सङ्ख्या | अनुदान रकम |
|---|---|---|---|
| १ | तरकारी जोनभित्र माटो सुधार तथा उत्पादकत्व वृद्धिका लागि भर्मि कम्पोस्ट प्रवर्द्धन कार्यक्रम | एकपटक | कार्यक्रम अनुसार |

नोटः

१. परियोजना कार्यान्वयन म्यानुअल-२०७७ को अनुसूची-१० बमोजिमको आवेदन फर्मेट/ढाँचा परियोजना कार्यान्वयन एकाइ, वीरगंज, पर्सा वा यस एकाइको website: www.parsa.pmamp.gov.np वा सम्बन्धित पालिकाको कृषि शाखाबाट प्राप्त गर्न सकिनेछ। अन्य कुनै थप जानकारी आवश्यक भएमा परियोजना कार्यान्वन एकाइ, पर्सा वा मोबाइल नं. ९८६०३२३१९९ (दीपेन्द्रप्रसाद चौधरी) वा मोबाइल नं. ९८६५१९३१७९ (रिफान चौधरी)मा सम्पर्क गर्न सकिनेछ।

२. परियोजना कार्यान्वयन म्यानुअल-२०७७ को अनुसूची-१० बमोजिमको आवेदन फर्मेट/ढाँचामा उल्लेख भए अनुसारका कागजातहरू आवेदनका साथ अनिवार्य पेश गर्नुपर्नेछ।

वरिष्ठ कृषि अधिकृत

---

# सुक्खा बन्दरगाह-अपौनी सडक शिलान्यास

प्रस, वीरगंज, २९ साउन/

प्रदेशसभा सदस्य रमेश कुर्मीले आइतवार श्रीसिया सुक्खा बन्दरगाहदेखि बिर्ता अपौनीसम्म सडक निर्माणको लागि शिलान्यास गरेका छन्।

मधेस प्रदेश सरकारको भौतिक पूर्वाधार विकास मन्त्रालय, यातायात पूर्वाधार विकास कार्यालय, पर्साद्वारा श्रीसिया सुक्खा बन्दरगाहा, अठराहा सुगौली, बिर्ता अपौनीसम्म निर्माण हुने सडकको प्रदेशसभा सदस्य कुर्मीले शिलान्यास गरेका हुन्।

कार्यक्रममा कुर्मीले सडक निर्माण कार्यमा सबैले सहयोग गर्नुपर्ने बताए। उनले सडक निर्माणको बेला कसैको अलिकति जग्गा सडकमा पर्‍यो भनेर विरोध नगर्न पनि आग्रह गरे।

तस्वीरः सौजन्य
Government of Nepal
Madhosh Pradesh
Ministry of Physical Infrastructure and Development
Directorate of Transport Infrastructure
Infrastructure Development Office
Birgunj, Parsa

लालबाबूप्रसाद कुर्मीको अध्यक्षतामा भएको कार्यक्रममा डा महेश्वरप्रसाद कुर्मी, पारसप्रसाद कलवार, विश्वनाथ राउत कुर्मीलगायतको सहभागिता थियो।

---

**नारी विकास बचत तथा ऋण सहकारी संस्था लि., वीरगंज, पर्सा**

## ऋण लगी भाका नघाएका व्यक्तिहरूको लागि २१ दिने सार्वजनिक सूचना

***प्रथमपटक प्रकाशित मितिः २०७९/४/३० गते***

यस संस्थाको तपसिलमा उल्लिखित ऋणीहरूले यस संस्थाबाट लिएको कर्जाको साँवा ब्याज, हर्जाना र अन्य दैदस्तुर रकमसमेत तिर्न बुझाउन पटकपटक मौखिक तथा लिखित तरताकेता गर्दासमेत नतिरी नबुझाइ ऋण कर्जासम्बन्धी शर्त बन्देजहरू उल्लङ्घन गरेका हुनाले यो सूचना प्रकाशित गरिएको हो र यो सूचना प्रकाशित भएको मितिले २१ दिनभित्र संस्थामा सम्पर्क राखी यस संस्थाको बुझाउनुपर्ने सम्पूर्ण बक्यौता रकम चुक्ता गर्नुहुन सूचित गरिन्छ। अन्यथा ऐन कानूनबमोजिम कर्जा लिंदा यस संस्थालाई लेखिदिएको तपसिलका चल-अचल सम्पत्तिबाट समेत असुलउपर गरी लिनुका साथै सहकारी ऐन २०७४ र सहकारी नियमावली २०७५ तथा यस संस्थाको कर्जा असुली नीतिबमोजिम ऋणी तथा जमानीकर्ता सबैलाई समेत कालोसूचीमा राखी तथा धितो लिलाम गरिने बेहोरा यसै सूचनाद्वारा ऋणी जमानीकर्ता सबैलाई जानकारी गराइन्छ।

| सि.नं. | कर्जाग्राहीको नाम | ठेगाना | साँवा | २०७९ साउन २६ गतेसम्मको ब्याज | कैफियत |
|---|---|---|---|---|---|
| १. | दीपनारायण महतो | पटेर्वासुगौली-८<br>हालः वी.म.न.पा.११ | ४९८,२६८।- | ४१२,०३६।- | |
| २. | हमिद मियाँ धोबी | बहुअरी पिडरी-१ | २५६,१९१।- | ४६,९६५।- | |

---

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना
परियोजना कार्यान्वयन एकाइ, पर्सा

## कार्यक्रममा सहभागी हुन सूचीकृत हुनेसम्बन्धी सूचना

सूचना नंः- ०१ प्रथमपटक सूचना प्रकाशन मितिः २०७९/०४/२९

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन एकाइ, पर्सा अन्तर्गत धान जोन लागू भएका कार्यक्षेत्रहरू पर्सागढी नपाका वडा नं १,२, ३ र ४, सखुवाप्रसौनी गापाका वडा नं १, २ र ३, पटेर्वासुगौली गापाका वडा नं १, २ र ३, जीराभवानी गापाका वडा नं १, ४ र ५ तथा ठोरी गापाका वडा नं ३, ४ र ५ भित्रका हालसम्म यस एकाइमा सूचीकृत नभएका इच्छुक कृषक समूह/कृषि सहकारी/जल उपभोक्ता समिति/कृषि उद्यमीहरू आव २०७९/८० को स्वीकृत वार्षिक कार्यक्रम अनुसारको सम्बन्धित बालीको व्यावसायिक कृषि उत्पादन तथा प्रशोधन केन्द्र (जोन) विकास कार्यक्रममा सहभागी हुनका लागि तपसिल बमोजिमका कागजातहरूका साथ यो सूचना प्रकाशित भएको मितिले ३० दिनभित्र अर्थात् मिति २०७९/०५/२७ गते कार्यालय समयभित्र परियोजना कार्यान्वयन एकाइ, पर्सामा सूचीकृत हुनका लागि निवेदन पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। सूचीकृत नभएका संस्थाहरूलाई यस एकाइमार्फत सञ्चालन हुने धान जोन विकास कार्यक्रम अन्तर्गतका कुनै पनि कार्यक्रममा सहभागी गराइनेछैन।

तपसिलः

१ कार्यक्रममा सहभागिताका लागि रु १० को टिकट टाँस गरिएको सूचीकृत हुनेबारेको निवेदन।
२ संस्था दर्ता प्रमाणपत्रको प्रतिलिपि (नवीकरणसहित)।
३ यस एकाइमा सूचीकृत हुनका लागि निवेदन दिने सम्बन्धमा आवेदक संस्थाको कार्य/सञ्चालक समितिले गरेको निर्णयको प्रतिलिपि।
४ आवेदक संस्थाका अख्तियारप्राप्त व्यक्तिको नागरिकता प्रमाणपत्रको प्रतिलिपि।
५ आवेदक संस्थाको स्थायी लेखा नं.(PAN)को प्रतिलिपि।
६ आवेदक संस्थाले करचुक्ता गरेको अद्यावधिक प्रमाणपत्रको प्रतिलिपि।

थप अन्य कुनै जानकारीको लागि परियोजना कार्यान्वन एकाइ, पर्सा वा मोबाइल नं.९८६०३२३१९९ (दीपेन्द्रप्रसाद चौधरी)वा मोबाइल नं.९८६५१९३१७९ (रिफान चौधरी)मा सम्पर्क गर्न सकिनेछ।

**वरिष्ठ कृषि अधिकृत**

---

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना
परियोजना कार्यान्वयन एकाइ, पर्सा

## प्रस्ताव आह्वानसम्बन्धी सूचना

सूचना नंः-०२ प्रथमपटक सूचना प्रकाशन मितिः २०७९/०४/२९

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन एकाइ, पर्साको आव २०७९/८० को स्वीकृत वार्षिक कार्यक्रम अनुसार धान जोन अन्तर्गतका कार्यक्षेत्रहरू पर्सागढी नपाका वडा नं १,२, ३ र ४, सखुवाप्रसौनी गापाका वडा नं. १, २ र ३, पटेर्वासुगौली गापाका वडा नं १, २ र ३, जीराभवानी गापाका वडा नं १, ४ र ५ तथा ठोरी गापाको वडा नं ३, ४ र ५ भित्रका यस एकाइमा सूचीकृत भएका तथा सूचीकृत हुनका लागि निवेदन दिएका इच्छुक कृषक समूह/कृषि सहकारी/जल उपभोक्ता समिति/कृषि उद्यमीहरू धान जोन विकास कार्यक्रम अन्तर्गत तपसिलमा उल्लेख भए अनुसारका कार्यक्रममा सूचीकृत भएपश्चात् सहभागी हुन प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाको परियोजना कार्यान्वयन म्यानुअल-२०७७ को अनुसूची-१० बमोजिमको ढाँचामा तथ्याङ्क फाराम, प्रस्तावित क्रियाकलाप एवं आर्थिक विवरणसहितको आवेदन यो सूचना प्रकाशन भएको मितिले ३०औं दिन अर्थात् मिति २०७९/०५/२७ गते कार्यालय समयभित्र पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

तपसिलः

| क्र.स. | कार्यक्रमहरू | माग सङ्ख्या | अनुदान रकम |
|---|---|---|---|
| १ | जोन/सुपरजोन क्षेत्रमा कृषि यान्त्रीकरण सहयोग कार्यक्रम | एकपटक | कार्यक्रम अनुसार |
| २ | सिंचाइ पूर्वाधार निर्माण तथा मर्मतसम्भार | २० | कार्यक्रम अनुसार |
| ३ | पोस्ट हार्भेस्ट क्षति न्यूनीकरण कार्यक्रम | एकपटक | कार्यक्रम अनुसार |
| ४ | बाली सघनता तथा उत्पादकत्व वृद्धि कार्यक्रम | दुईपटक | कार्यक्रम अनुसार |
| ५ | प्रशोधन उद्योग सञ्चालन सहयोग | एकपटक | कार्यक्रम अनुसार |

नोटः

१. परियोजना कार्यान्वयन म्यानुअल-२०७७ को अनुसूची-१० बमोजिमको आवेदन फर्मेट/ढाँचा परियोजना कार्यान्वयन एकाइ, वीरगंज, पर्सा वा यस एकाइको website: www.parsa.pmamp.gov.np वा सम्बन्धित पालिकाको कृषि शाखाबाट प्राप्त गर्न सकिनेछ। अन्य कुनै थप जानकारी आवश्यक भएमा परियोजना कार्यान्वन एकाइ, पर्सा वा मोबाइल नं. ९८६०३२३१९९ (दीपेन्द्रप्रसाद चौधरी) वा मोबाइल नं. ९८६५१९३१७९ (रिफान चौधरी)मा सम्पर्क गर्न सकिनेछ।

२. परियोजना कार्यान्वयन म्यानुअल-२०७७ को अनुसूची-१० बमोजिमको आवेदन फर्मेट/ढाँचामा उल्लेख भए अनुसारका कागजातहरू आवेदनका साथ अनिवार्य पेश गर्नुपर्नेछ।

वरिष्ठ कृषि अधिकृत

# मुख्यमन्त्रीसहित मन्त्रीहरूद्वारा केन्द्र सरकारविरुद्ध धर्ना

प्रस, वीरगंज, २९ साउन/

मधेस प्रदेश सरकारका मुख्यमन्त्रीसहित मन्त्रीहरूले आइतवार केन्द्र सरकारविरुद्ध दुई घण्टा धर्ना दिएका छन् ।

केन्द्र सरकारलाई प्रहरी समायोजन गर्न दिएको एक साताको समयसीमा सकिएपछि आजदेखि एक सातासम्म दैनिक बिहान ११ देखि दिउँसो १ बजेसम्म धर्ना दिने हिजो पत्रकार सम्मेलनमार्फत कार्यक्रम सार्वजनिक गरिए अनुसार आजदेखि प्रदेशप्रमुख कार्यालय प्राङ्गणभित्र मुख्यमन्त्री लालबाबूराउत गद्दीको नेतृत्वमा मन्त्रीहरू धर्नामा बसेका हुन् ।

धर्ना कार्यक्रम
आयोजक:
मधेश प्रदेश सरकार
तस्वीरः सौजन्य

मुख्यमन्त्री गद्दीसहित भौतिक पूर्वाधार विकास मन्त्री रामसरोज यादव, गृह तथा सञ्चार मन्त्री भरत साह, राज्यमन्त्री रूबी कर्ण, खानेपानी तथा ऊर्जा मन्त्री ओमप्रकाश शर्मालगायतका मन्त्री एवं प्रदेशसभा सदस्यहरू धर्नामा बसेका थिए ।

प्रहरी समायोजन गरी प्रदेश सरकारलाई हस्तान्तरण गर्न प्रधानमन्त्रीसँग भेट गरी आग्रह गरेको, आन्दोलनकै अल्टिमेटम दिएर प्रदेशप्रमुखमार्फत ज्ञापन पठाउँदासमेत ध्यान नदिएको भन्दै आजदेखि धर्ना दिइएको हो । एक सातासम्म दुई घण्टा धर्ना दिने र यो समयमा पनि प्रहरी समायोजनको माग सम्बोधन नभए दोस्रो चरणको आन्दोलन एक सातापछि घोषणा गरिने मधेस प्रदेश सरकारका गृह तथा सञ्चार मन्त्री साहले बताए ।

# स्कार्पियोले ठक्कर दिंदा कन्हाइको मृत्यु

प्रस, परवानीपुर, २९ साउन/

बारामा सवारी दुर्घटनामा परी एकजनाको मृत्यु भएको छ। मृत्यु हुनेमा भारत घर भई वीरगंज महानगर-३२ परसवा बस्ने कन्हाइ साह तेली रहेका छन् ।

४२ वर्षीय कन्हाइ साह खुर्सानी, बेसारलगायत मसलाहरू साइकलमा राखी गाउँ-गाउँ घुमेर बेच्ने गर्दथे। नितनपुरबाट मसला बेचेर घर फर्किने क्रममा जीतपुरसिमरा उपमहानगरपालिका-९ गढीमाई मन्दिरअगाडि परवानीपुरतर्फ आइरहेको स्कार्पियोले ठक्कर दिंदा उनी गम्भीर घाइते भई घटनास्थलमैं उनको मृत्यु भएको इलाका प्रहरी कार्यालय, सिमराले जनाएको छ । ठक्कर दिएर ज्यान मार्ने प्रदेश-२-०३- ००१च ६२१० नम्बरको स्कार्पियो र वीरगंज महानगर-२४ रामगढवा बस्ने वर्ष २४ का चालक सञ्जय बैठालाई इलाका प्रहरी कार्यालय, सिमराले नियन्त्रणमा राखेको छ। ठक्कर दिएपछि भागेका स्कार्पियोका चालक बैठालाई प्रहरी चौकी, परवानीपुरले नियन्त्रणमा लिएको थियो ।

# अहिलेसम्म सिसिटिभी क्यामरा मर्मत भएन

तस्वीरः प्रतीक

प्रस, निजगढ, २९ साउन/

पूर्व-पश्चिम राजमार्ग अन्तर्गत निजगढ सडकखण्डमा जडान गरिएका सबै सिसिटिभी क्यामरा नचलेको दुई महीना भएपनि अहिलेसम्म मर्मतमा कुनै निकायको चासो गएको छैन ।

राजमार्ग सुरक्षालाई ध्यानमा राखी राजमार्ग आसपासका विद्युतीय पोलहरूमा जडान गरिएका १६ वटा सिसिटिभी क्यामरा वर्षायाम लागेपछि बिग्रन थालेका थिए । अहिले सबै क्यामरा नचलेको इलाका प्रहरी कार्यालय, निजगढका प्रमुख एवं प्रहरी निरीक्षक सञ्जीव ओलीले बताए ।

निजगढ नपाले विगत तीन वर्षमा पटक-पटक गरी २२ लाख रुपैयाँको लागतमा १६ वटा क्यामरा राजमार्ग र आसपासका क्षेत्रलाई समेट्ने गरी जडान गरेको थियो ।

सिसिटिभी क्यामराको मदतबाट शङ्कास्पद गतिविधि भइसकेको अवस्थामा छानबीनमा मदत र भइरहेको अवस्थामा तुरुन्त प्रहरी परिचालन गर्न सजिलो भएको प्रनि ओलीले बताए ।

क्यामरा बिग्रँदा राजमार्ग र आसपासका क्षेत्रमा सुरक्षा चुनौती बढेको उनले बताए। उनले क्यामराहरूको मर्मत गरी सञ्चालनमा ल्याउन निजगढ नगरपालिकालाई डेढ साताअघि पत्राचार गरिसकेको भएपनि काम अघि बढ्न नसकेको बताए ।

### उपसचिव कार्कीलाई.....

अधिकृतको सरुवा र बहालीको तत्कालीन गतिरोध अन्त्य हुने सङ्केत देखिएको छ। निजगढ नपाको प्रमुख प्रशासकीय अधिकृतमा भने अहिले कसैलाई नतोकिएको निजगढ नपा प्रशासन शाखाले जनाएको छ ।

राजनीतिक खिंचातानीका कारण नगरप्रमुखले प्रमुख प्रशासकीय अधिकृतको कार्यकक्षमा र बहुमत नगर कार्यपालिका सदस्यहरूले नगरप्रमुख पुरी र उपप्रमुख सोममाया थिङको कार्यकक्षमा तालाबन्दी गरी नगरपालिकालाई बन्धक बनाउने, सर्वसाधारण जनतालाई सेवाप्रवाहबाट वञ्चित गराउने कार्य अमर्यादित, जनभावनाविपरीत भएको भन्दै ७२ घण्टाभित्र तालाबन्दी नखोलिए राष्ट्रिय प्रजातन्त्र पार्टी, निजगढ नगर कार्यसमितिले ताला खोल्ने जानकारी दिएको छ ।

निजगढ नपाका लेखा अधिकृत शिवप्रसाद देवकोटालाई आइतवार कार्यालयमा भेटी राप्रपाले ज्ञापनपत्र बुझाएको छ ।

ज्ञापनपत्रमा राप्रपा नगर अध्यक्ष खड्गप्रसाद उप्रेतीले जनताका हरेक गतिविधि, कार्यमा प्रत्यक्ष जोडिने स्थानीय तहमा नै तालाबन्दी हुनु अराजक स्थिति निम्त्याउन खोज्नु हो भन्दै अविलम्ब निकास निकाल्न माग गरेका छन्। उक्त समस्याको निकासका लागि बेलैमा जिम्मेवार तहमा रहने सबैको ध्यान जानुपर्ने स्थानीय समाजसेवी एवं राप्रपा केन्द्रीय सदस्य विनोद भारतीले बताए ।

ज्ञापनपत्र दिने टोलीमासावित्री भारती, भक्तबहादुर दर्लामी, वासुदेव तिमल्सिना, खड्गबहादुर आलेलगायत सहभागी थिए ।

## खेलकूदको संसार

# आर्मीको विजयी सुरुआत

काठमाडौं, २९ साउन/रासस

विभागीय टोली नेपाल आर्मीले प्रथम राष्ट्रिय खुला पुरुष तथा महिला बास्केटबल प्रतियोगिताको पुरुषमा आज विजयी सुरुआत गरेको छ ।

नखिपोट युथ क्लबद्वारा आयोजित प्रतियोगितामा आर्मीले रोयल सेन्ट्रल स्पोर्टस क्लबलाई ९१-६३ ले पराजित गर्दै विजयी सुरुआत गरेको हो । आर्मीका आयुश सिंहले ३५ अक्त जोडे । नखिपोटस्थित आयोजककै कभर्डहलमा भएको प्रतियोगिताको पुरुषतर्फकै विधामा शङ्करदेव क्याम्पसले आयोजक नखिपोट 'बी' टोलीलाई ६२-५५ ले हरायो ।

प्रतियोगिताको पुरुषमा १२ टिम सहभागी छन्। सहभागीलाई विभिन्न चार समूहमा विभाजन गरी लिग कम नकआउट आधारमा खेल खेलाइएको छ। महिलामा चार टोलीले राउन्ड रोबिन लिगका आधारमा प्रतिस्पर्धा गरिरहेका छन्। शीर्ष दुई टोलीले उपाधिका लागि भिड्नेछन् । प्रतियोगितामा पुरुषतर्फ पहिलो हुनेले रु ५० हजार प्राप्त गर्नेछन् भने दोस्रो हुनेले रु २५ हजार पुरस्कार प्राप्त गर्नेछन् । यसैगरी, महिलामा शीर्ष दुई स्थान हात पार्नेले क्रमशः रु ३० हजार र १५ हजार पुरस्कार पाउनेछन् । फाइनल खेल आगामी भदौ ७ गते हुनेछ ।

# श्रेष्ठलाई सहायक मुख्य प्रशिक्षकको जिम्मेवारी

काठमाडौं, २९ साउन/रासस

साग स्वर्ण पदकधारी दीपक श्रेष्ठलाई राष्ट्रिय खेलकूद परिषद् (राखेप)ले सहायक प्रमुख प्रशिक्षकको जिम्मेवारी प्रदान गरेको छ ।

सहायक प्रशिक्षकमा कार्यरत श्रेष्ठलाई २०७९ साउन २६ गतेको सदस्य-सचिवस्तरीय निर्णय अनुसार समान श्रेणी, पद र सुविधा कायम रहने गरी सहायक मुख्य प्रशिक्षकको जिम्मेवारी प्रदान गरिएको हो । आज राखेपका तालीम तथा प्रशिक्षण विभागका निर्देशक अर्जुन विकले श्रेष्ठलाई कार्यकाल सफलताको शुभकामनासहित नयाँ जिम्मेवारीको पत्र प्रदान गरे ।

दीपक श्रेष्ठ (सहायक प्रमुख प्रशिक्षक, राखेप)

नेपाल भारोत्तोलन सङ्घका अध्यक्ष राम श्रेष्ठले श्रेष्ठलाई शुभकामना प्रदान गरे । विसं २०४१ मा सहायक प्रशिक्षकको रूपमा करारमा परिषद्को सेवामा प्रवेश गरेका श्रेष्ठ विसं २०६१ मा स्थायी भएका थिए। ललितपुर जिल्ला खेलकूद विकास समितिमा कार्यरत श्रेष्ठले राष्ट्रिय खेलाडीलाई प्रशिक्षण गर्दै आइरहेका छन्।

# दलित प्राविको विद्यालय व्यवस्थापन समिति गठन

प्रस, सेढवा, २९ साउन/

कुखुरा
काग
झन्डा
चम्चा
चप्पल
सर्प
जनवरका बास स्थान

सखुवाप्रसौनी गाउँपालिका वडा नं ५, महुवनस्थित दलित प्राथमिक विद्यालयमा विद्यालय व्यवस्थापन समिति गठन गरिएको छ ।

विगत करीब चार वर्षदेखि यस विद्यालयमा विद्यालय व्यवस्थापन समितिविना नै विद्यालयका सम्पूर्ण कारोबार तथा क्रियाकलाप सञ्चालनमा थिए । विद्यालयमा शैक्षिक तथा अन्य क्रियाकलाप सहज सञ्चालनका लागि अभिभावक भेला गरी विव्यस गठन गरिएको छ ।

विद्यालय व्यवस्थापन समिति गठनको लागि सात दिनअगावै सार्वजनिक सूचना प्रकाशन गरिएको थियो ।

सो विद्यालयको विद्यालय व्यवस्थापन समितिमा अभिभावकमध्ये छनोट भएका अध्यक्ष गोरखकुमार राम, सदस्य दिनेशकुमार राम, सदस्य मुरतिया देवी, सदस्य मालती देवी छनोट भएका छन्। विद्यालय व्यवस्थापन समितिको मनोनीत सदस्यमा अशोक राम र देवन्ती देवी छन् ।

अभिभावक भेलाले जम्मा छजनालाई सर्वसहमतिबाट चयन गरेको छ। शिक्षा ऐन अनुसार अभिभावकमध्ये दुईजना पुरुष र दुईजना महिला गरी जम्मा चारजना छनोट गर्ने र एकजना शिक्षाप्रेमी र एकजना चन्दादाता गरी दुईजना र प्रअ, शिक्षक प्रतिनिधि र वडा कार्यालय प्रतिनिधि गरी जम्मा नौजनाको समिति रहने प्रावधान छ ।

विद्यालय व्यवस्थापन समिति गठन गर्न आयोजित अभिभावक भेला सखुवाप्रसौनी गापाका शिक्षा प्रमुख नेपालेन्दु साहको संयोजकत्वमा भएको थियो । वडा कार्यालय सचिव गणेश साह गोढ, निमित्त प्रअ अर्चनाकुमारी गुप्ता सदस्य रहने गरी विद्यालय व्यवस्थापन समिति छनोट र गठन भएको हो ।

अभिभावक भेलामा प्रमुख अतिथि वडाध्यक्ष अशेसरप्रसाद यादव, विशिष्ट अतिथि गापा बोर्ड सदस्य महादेव साह कलवार, पूर्वप्रअ जदुप्रसाद साह, निवर्तमान अध्यक्ष गणेश महरा चमार, पूर्वअध्यक्ष रामबालक महरा चमार, दलित सामाजिक अभियन्ता मनोज राम, अभिभावक श्यामकिशोर राम, दलित नेता सुरेन्द्र पासवान तथा अभिभावकहरूको सहभागिता थियो ।

Make your stay with us is a
memorable experience

Lords Plaza Birgunj is a world class hotel built to treat all types of travelers. This beautiful hotel is equipped with contemporary Rooms and Suites, Business Center, Four Conference Rooms, Three Food and Beverage outlets - Bar, Multi Cuisine Restaurant & Roof Top Dining, Spa, Gym, Pool and Casino.

Diyalo Lords PLAZA
Exhilarating Hospitality
Birgunj
Call - 51525252, 98028 19788, 98028 19787
Aadarsh Nagar, Birgunj, Nepal, www.lordshotels.com,

WARM WISHES
FROM
Pristine Passion on Move Pristine Valley Dryport Pvt Ltd
Sirsiya Drypot, ICD Birgunj, Parsa, Nepal
ON THE OCCASION OF
India's 76th Independence Day

सफा र स्वच्छ पानी पिऔं, मुहानको संरक्षण गरौं ।
- पानीका मुहान तथा स्रोतलाई सफा र सुरक्षित राखौं ।
- खानेपानीको मुहान तथा स्रोतमा गाईवस्तु, चराचुरुङ्गी तथा अन्य जीवजन्तु छिर्न नसक्ने गरी तारबार गरौं ।
- इन्टेक (मूल), प्रशोधन संयन्त्र तथा पानी भण्डारण गर्ने टयाङ्की नियमितरूपमा सफा गरौं ।
- घर वा सार्वजनिक स्थलका पानी टयाङ्की, धाराको टुटी तथा पानी जम्मा गरिएका भाँडो नियमित सफा गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड